नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर ०६ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 22 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८६

## शिकारीबासका किसानहरू घरमा सुत्न पाउँदा खुशी

माधव तिमिल्सिना, ठोरी, ५ मङ्सिर/ ठोरी गाउँपालिका-३, शिकारीबासका दुखाराम महतो थारूलाई मन्सुली धान भित्र्याएपछि अब चैतसम्म घरमा सुत्न पाउने कुराले खुशी तुल्याएको छ।

पाँच दशकअघि माडीबाट बसाइँसराइ गरेर शिकारीबास आएका ६० वर्षीय थारू वर्षको आधा समय खेतमा नै रात बित्दै आएको छ। खेतमा रात बिताउनु उनको रहर नभई बाध्यता थियो।

जङ्गली जनावर धपाउन सधैं खेतमा सुत्नुपर्ने बाध्यताले आजित बनेका शिकारीबासकै बमभोला महतो थारू पनि अब चैतसम्म घरमा नै सुत्न पाइने भएकोले खुशी छन् । तीन पुस्तादेखि शिकारीबासमा बसोबास गर्दै आइरहेका ५४ वर्षीय थारूलाई धान भित्र्याएको खुशीसँगै अबको चार महीना घरमा आरामले बिताउन पाउने कुराले आनन्दित तुल्याएको छ।

दुखाराम र बमभोलाजस्तै शिकारीबासका किसानहरू मङ्सिरे धान भित्र्याएपछि जनावरबाट यस वर्षको दुःख टर्‍यो भनेर खुशी छन्।

चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जको जङ्गलभित्र खेतीपाती गर्ने शिकारीबासका किसानहरू जङ्गली जनावरबाट धानखेतीको बेलामा प्रत्येक वर्ष पीडित हुँदै आएका छन्। कहिले हात्ती, कहिले बँदेल, कहिले घोडगधालगायतका जङ्गली जनावर आएर बाली नोक्सान गर्ने गरेकाले यहाँका किसानहरू धानबाली हुर्कने क्रममा रातभर जाग्राम बस्छन्। वैशाखदेखि कात्तिकसम्मको रात उनीहरूको खेतमा नै बित्दै आएको छ। यहाँका किसानले



तस्वीरः प्रतीक

(बाँकी अन्तिम पातामा)

## होल्डिङ सेन्टर निर्माणमा ढिला

## रक्सौल आउनेहरूको स्वास्थ्य परीक्षण हुँदैन

नितेश कर्ण, वीरगंज, ५ मङ्सिर/ भारतबाट आउने यात्रीहरूको लागि कोरोना क्वारेन्टाइनको रूपमा वीरगंज भन्सार कार्यालयमा निर्माण गरिएको होल्डिङ सेन्टरको काम अझै सम्पन्न हुन सकेको छैन।

भारतबाट आउने यात्रीहरूको लागि नेपाल सरकारले भारत सीमासँग जोडिएका दशवटा स्थानमा एक हजार क्षमताको होल्डिङ सेन्टर निर्माण गर्दैछ। प्रत्येक होल्डिङ सेन्टरको एक हजार क्षमता छ र प्रत्येकको रु २८ करोड लागत गरी कुल रु २ अर्ब २५ करोड खर्च गर्दैछ। यसको निर्माणको लागि ललितपुरको हनुमान कन्स्ट्रक्शनले जिम्मा पाएको छ।

शुरूमा भदौमध्यमा होल्डिङ सेन्टरको निर्माण सम्पन्न गर्ने लक्ष्य थियो तर कोरोनाको कारण लम्ब्याएर असोजमध्यसम्म पुर्‍याए पनि अहिले मङ्सिरको पहिलो साता शुरू हुँदा पनि ६० प्रतिशतभन्दा बढी काम सम्पन्न भएको छैन। अझै दुई-तीन महीना लाग्ने बताइन्छ।

वीरगंज भन्सारको गोदामसहित देशभरका झापा, मोरङ, रूपन्देही, कपिलवस्तु, कैलालीलगायत १० वटा नाकामा होल्डिङ सेन्टर निर्माण भइरहेको छ। प्रशासनिक कक्ष, भान्सा घर र २० वटा कक्षमा पचासजना अट्ने क्षमताका बाइसवटा भवन यी ठाउँमा निर्माण भइरहेको छ। भारतबाट आउनेहरूलाई क्वारेन्टाइनमा सबैथोक निश्शुल्क उपलब्ध गराएर तोकिएको अवधिसम्म होल्ड गरी नेपाल प्रवेश गर्न दिने नीति छ। तर होल्डिङ सेन्टरको काम समयमा सम्पन्न हुन नसक्दा अहिले भारतबाट आउने मानिस स्वास्थ्य परीक्षणविना नेपाल प्रवेश गरिरहेका छन्। कोरोनाका कारण लामो समयसम्म सीमा सील भएर अहिले खुला हुँदा रक्सौलबाट सबैथरीका मानिसको निर्बाध प्रवेश नेपालभित्र भइरहेको छ। यसअघि शङ्कराचार्य गेटमा स्वास्थ्य परीक्षण हुने गरेको थियो। अहिले कुनै पनि प्रकारको स्वास्थ्य परीक्षण नगरी सबै मानिसको लागि आवतजावत सहज गरिएको छ।

यसबारे जिल्ला प्रशासन कार्यालय, पर्साका सूचना अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले होल्डिङ सेन्टरको काम ६५ प्रतिशत सम्पन्न भएको र बाँकी काम तुरुन्त सम्पन्न हुने बताए। उनले पछिल्लो चरणमा कोरोना सङ्क्रमण दर घटेकोले शङ्कराचार्य गेटमा स्वास्थ्य परीक्षण बन्द गरिएको बताए।



वीरगंज भन्सार क्षेत्रभित्र निर्माण भइरहेको होल्डिङ सेन्टर। तस्वीरः प्रतीक

## बक्यौता नबुझाएका उपभोक्ता समितिको लाइन काटिँदै

प्रमोद यादव, पंचगावाँ, ५ मङ्सिर/ विद्युत् महसूल नबुझाएका उपभोक्ता समितिको लाइन नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले काटेको छ।

पटेर्वासुगौली गाउँपालिका-१ र ३ को सोनवर्षा, देकुली, मलाहीटोल र सखुवाप्रसौनी गापा-४ देउरवानाको विद्युत् लाइन काटिएको हो।

विद्युत् उपभोक्ता समितिले महसूल नबुझाएकाले लाइन काटेको नेपाल विद्युत् प्राधिकरण, पोखरिया वितरण केन्द्रका प्रमुख जगरनाथप्रसाद जयसवालले बताए।

देउरवाना उपभोक्ता समितिको नाममा ४६ लाख ४० हजार ४ सय, देकुली उपभोक्ता समितिको नाममा ३० लाख ५३ हजार र सोनवर्षा विद्युत् उपभोक्ता समितिको नाममा १९ लाख ६८ हजार रुपैयाँ बक्यौता रहेको प्रमुख जयसवालले जानकारी गराए।

उपभोक्ता समितिका अध्यक्ष र सचिवले आआफ्नो क्षेत्रका ग्राहकसँग रकम असुल गरेको तर बक्यौता नतिरेको स्थानीय ग्राहकहरूको आरोप छ। ग्राहकहरूले सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष, सचिवलाई यसबारे दबाब दिएपछि तुरुन्तै बक्यौता बुझाउने आश्वासन दिएका छन्।

सोनवर्षा उपभोक्ता समितिका अध्यक्ष नुरुलहोदा मियाँ चुडिहार, देकुली उपभोक्ता समितिका अध्यक्ष रामदेव दहित, देउरवाना विद्युत् उपभोक्ता समितिका अध्यक्ष नुरबक्स अन्सारीलाई ग्राहकहरूले रकम लिएर पनि नबुझाएको भनी दबाब दिएपछि उनीहरूले अविलम्ब रकम बुझाउने आश्वासन दिएका छन्।

पोखरिया वितरण केन्द्रले कात्तिक २९ गते बक्यौता रहेका यी तीनवटा उपभोक्ता समितिबाहेक निम्न उपभोक्ता समितिको पनि विद्युत् लाइन काटेको छ। गोविन्दपुर विद्युत् उपभोक्ता समितिले रु ४ लाख ३० हजार बक्यौता राखेको छ भने प्रकाश विद्युत् उपभोक्ता समिति, तीनडोबियाले रु ५ लाख ८८ हजार र प्रकाश विद्युत् उपभोक्ता समिति, रविदासले रु ७ लाख ९३ हजार बक्यौता राखेका छन्।

यसैगरी, शिवशक्ति, धोबिनीको नाममा रु ४३ लाख २ हजार, उजाला, गुलरियाको नाममा रु ३० लाख ३२ हजार, जीवनज्योति, आसवारीको नाममा रु ४२ लाख ३० हजार, पारसनाथ, महुवनको नाममा रु ३८ लाख ६१ हजार, आदर्श, सेढवाको नाममा रु ४ लाख ६ हजार र विद्युत् उपभोक्ता समिति, दसौताको नाममा रु ६ लाख १९ हजार बक्यौता रहेकाले लाइन काटिएको पोखरिया वितरण केन्द्रका प्रमुख जयसवालले बताए।

उपभोक्ता समितिहरूको लाइन काटेसँग सम्बन्धित समितिका ग्राहकले आआफ्नो क्षेत्रका अध्यक्ष, सचिवहरूलाई बक्यौता तिर्न दबाब दिइरहेका छन्।

यसैबीच, पोखरिया वितरण केन्द्रले विद्युत् चुहावट नियन्त्रणको क्रममा ११ जनालाई नियन्त्रणमा लिएको छ। विभिन्न ठाउँमा राति हुकिङ गरेर विद्युत् चुहावट गर्ने ११ जनालाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय पोखरियाले जनाएको छ।



विद्युत् चोरीको आरोपमा पक्राउ परेका ११ जना व्यक्ति। तस्वीरः प्रतीक

## थ्रेसरले च्यापिएर छोराको मृत्यु, बुबा घाइते

प्रस, वीरगंज, ५ मङ्सिर/ जगरनाथपुर गाउँपालिका-६ माधवपुरमा धान काट्ने थ्रेसर मेशिनमा चेपिएर आठ वर्षीय बालकको मृत्यु भएको छ भने बालकका पिता घाइते भएका छन्।

इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक दीपक गौतमले मेशिनमा चेपिएर भुटेश्वर साह घाइते भएका र निजका आठ वर्षीय छोरा ओमबाबू साहको मृत्यु भएको बताए। शनिवार राति ना.६त ५०४५ नम्बरको ट्याक्टरमा रहेको थ्रेसरमाथि बसेर बुबाछोरा खेतमा जाने क्रममा थ्रेसर पल्टेको र चेपिएर छोराको घटनास्थलमैं मृत्यु भएको तथा बुबा घाइते भएको प्रहरीले जनाएको छ। घाइते भुटेश्वरको नारायणी अस्पतालमा उपचार भइरहेको छ।

जनगणनाबाट प्राप्त तथ्याङ्कले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्याङ्कन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न मदत पुग्दछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### विज्ञापन कर चुक्ता गर्नेसम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मितिः २०७८/०८/०६ गते

उपरोक्त सम्बन्धमा यस रूट्स एडभरटाइजिङ, काठमाडौंले वीरगंज महानगरपालिका क्षेत्रभित्रको विज्ञापन कर सङ्कलन गर्ने ठेक्का सम्झौता भई यस कम्पनीले विज्ञापन कर उठाउँदै आएकोमा विभिन्न सङ्घसंस्था, बैंक, एजेन्सी, शोरूम र कम्पनीहरूको होर्डिङ बोर्ड, डिपिएस बोर्ड, हाइवे बोर्ड, टुडी/थ्रीडी बोर्ड, भित्तेलेखन आदि विज्ञापन सामग्रीहरूको आव २०७६/७७ र २०७७/७८ सम्मको विज्ञापन कर हालसम्म भुक्तानी नभएको हुनाले सम्बन्धित सम्पूर्णमा यी विज्ञापन सामाग्रीहरूको विवरण बुझाइ मिति २०७८ मङ्सिर १२ गतेभित्र विज्ञापन कर भुक्तानी गरिदिनुहुन यसै सूचनामार्फत जानकारी गराइन्छ। साथै तोकिएको मितिसम्म विज्ञापन कर भुक्तानी नगरिएका विज्ञापन सामग्रीहरू हटाइने बेहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ।

**नोट**: विगत केही वर्षदेखि बारम्बार सम्पर्क गर्दा पनि केही कम्पनीहरूले विज्ञापन कर रकम भुक्तानी गर्न अटेर गरिरहेको हुँदा यो सूचना प्रकाशित भएको मितिले एक हप्ताभित्र सो सङ्घसंस्था, बैंक, एजेन्सी, शोरूम र कम्पनीहरू सम्पर्कमा आई विज्ञापन कर रकम भुक्तानी गरिदिनुहुन अनुरोध गर्दछौं। साथै तोकिएको मितिसम्म विज्ञापन कर भुक्तानी नगरेमा त्यस्ता कम्पनीहरूको नाम पत्रिकामा सार्वजनिक गरी कालोसूचीमा राखी विज्ञापन सामग्रीहरू हटाउनुका साथै जफत गरी त्यस्ता कम्पनीहरूलाई विज्ञापन गर्न रोक लगाउनेसमेत कार्य यसै सूचनामार्फत जानकारी गराइन्छ।

**रूट्स एडभरटाइजिङ**
सम्पर्क नं : ०१-५४३५०८४, ९८५११४८७७६, ९८०२०५१४१४
ठेगानः काठमाडौं, वीरगंज, सम्पर्क नं. ९८४५०३५८६०, ९८४७६९३७८१
इमेलः roots.advertisingtaxdepartment@gmail.com

**बोधार्थः**
जिल्ला प्रशासन कार्यालय, पर्सा
वीरगंज महानगरपालिका
वीरगंज उद्योग वाणिज्य सङ्घ

## विचारसार र सूक्तिहरू

**मानिसले खुशी रहन सिक्नुपर्छ । कसैले नराम्रो भन्दछ भने पनि खुशीको कुरा हो कि उसले सम्झना त राखेको छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## उद्योग र प्रदूषण

**जहाँ उद्योग हुन्छ, त्यहाँ प्रदूषण हुन्छ । यस कुरालाई नेपाल सरकारले आफ्नो बुद्धि–विवेक गुमाएर स्वीकार गरिसकेको छ। सरकारले नै स्वीकार गरिदिंदा, उद्योगहरूलाई हाइसञ्चो भएको छ। नतीजा हिजोसम्म नेपालका प्राय: सबै शहरहरू प्रदूषण झेल्दैछन् । किनकि उद्योगहरू शहर वा शहर आसपास फस्टाएका छन्। उद्योगहरूले आफूले विसर्जन गरेका प्रदूषणप्रति जिम्मेवारी लिने आवश्यकता महसूस गरेका छैनन् । धूलो, कसिङ्गर, रासायनिक तरल सडक छेउको नालीमा, नदीमा, कसैको जग्गामा जहाँ पोखे पनि हुने भएको छ । आफूले उत्पादन गरेको फोहरको विसर्जनको दायित्व आफ्नै हो भन्ने मानवीय चेत निकै पैसा भएका उद्योगीहरूमा पलाउन सकेको छैन। साँच्ची भन्ने हो भने पलाउन नसकेको होइन, दायित्व पूरा गर्दा रकम खर्च हुने, नगर्दा कुनै बात नलाग्ने भएकोले अरूको स्वास्थ्य बिगारेर भए पनि आफ्नो नाफामा क्षति हुन नदिने उद्योगहरूको सोच हो। झन् सरकारले नै यसमा ध्यान नदिंदा, आन्दोलन मात्र गर्न जानेको जनताका लागि पापको घैंटो भरियोस् र आन्दोलनका नाममा तहसनहस पार्न सकियोस् भन्ने अवसर कुर्नुको विकल्प छैन ।**

**उद्योग जहिले पनि मानव बस्तीभन्दा पर स्थापित हुनुपर्ने मान्यता हो। तर उद्योगका साथ यो पनि विडम्बना रहेको छ कि जहाँ उद्योग स्थापित हुन्छ, त्यहाँ मानिसको भीड हुन थाल्छ । तिनका लागि चिया–चमेना बनाउने छाप्रोबाट शुरू भएर दश वर्षभित्र बाक्लै बस्ती बस्न पुग्दछ । र तिनै बस्तीहरू प्रदूषण बढ्यो भनेर कोकोहोलो गर्न थाल्दछन्। तर नेपालमा यस अनिवार्य अव्यवस्थाका साथ उद्योगहरूले आफैं पनि प्रदूषणप्रति सरोकार देखाउने गरेका छैनन्। उद्योगपछि आबाद भएका बस्तीको कुरा छाडिदिने हो भने उद्योगहरूले ठूला–ठूला नदीदेखि, नालासमेतलाई आफ्नो पेवा किन ठान्दछन् ? आज पर्यावरणको कुरा चलिरहेको छ, ती नदीहरूमा बस्ने जलचरहरूको उद्योगका विषाक्त पानीले अस्तित्व नाश भएको छ, मानिसको धार्मिक, सामाजिक जीवनमा बदलाव आइसकेको छ। यसप्रति उद्योगहरूले किन नैतिक जिम्मेवारी महसूस गर्दैनन् ? हुनत कानूनी जिम्मेवारी पनि छ, तर कानूनी जिम्मेवारी पूरा गराउने दायित्व सरकारको हो, जसलाई प्रदूषणसँग दुराग्रह छैन । अनि कसरी हुन्छ, प्रदूषणरहित कामनाको पूर्ति ? देशलाई लोकतन्त्र त भनिएको छ तर लाठीतन्त्र विद्यमान छ। लाठी भनेपछि अहिलेको वित्त–प्रधान समाजमा रुपियाँमात्र हो। त्यो उद्योगसँग बग्रेल्ती हुन्छ ।**

**अहिले नेपाल केही बढी आधुनिकतातर्फ लम्केको छ । जनप्रतिनिधिहरूले अधिकार पाएका छन्। शहर वरपर कि जग्गा छैन, कि ज्यादै महँगो छ । त्यसैले उद्योगहरू अब ग्रामोन्मुख भएका छन् । अब यिनले स्वस्थ, सदा जवान गाउँलेलाई पनि मानसिक र शारीरिकरूपले रोगी बनाउने नै छन् । सरकार र नागरिकको पनि मान्यता छ, उद्योगको लाभ गाउँहरूले पनि पाउनुपर्छ । गाउँले लाभ पाउनु भनेको रोजगारको अवसर हो। उद्योग स्थापना भयो भने गाउँलेहरूले रोजगार पाउँछन्। यहाँसम्म त कुरा ठीक हो, तर उद्योगहरूको वातावरणप्रति स्वच्छन्द व्यवहारले गर्दा भोलि वातावरणीय प्रदूषण, रोजगारको सानो राहतको बदला, ठूलो आपत्ति बनेर आउँछ। अहिले सानासाना उद्योगहरू मात्र गाउँ पसेका छन् र पटेर्वा सुगौलीजस्ता गाउँलाई प्रदूषणले विदग्ध पार्न थालेका छन्। ठूला उद्योग पसे भने के होला ?**

# कोरोनाकालमा केटाकेटीहरूको मनो–विश्लेषण

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**खाँचो केटाकेटीहरूको कुरा सुन्नु र उनीहरूको तनाव साझा गर्ने अवसर प्रदान गर्न दिनु थियो । हालसम्म कोरोनामाथि पूर्ण नियन्त्रण हुन सकेको छैन । यस परिवेशमा केटाकेटीहरूसँग नियमित छलफल र उनीहरूलाई दिशानिर्देश दिइराख्नु आवश्यक छ ।**

घरबाट बाहिर ननिस्किनु, कसैलाई नभेट्नु, वरिपरिको शून्यता र दिनभरि टेलिभिजनमा कोभिडबारे प्रसारण भइरहेको खबरले हामीमाथि यति ठूलो असर परिरहेको थियो भने यी सबैको केटाकेटीहरूमाथि कस्तो असर परिरहेको होला ? अध्ययनले के देखाएको छ भने तनावले केटाकेटीहरूको मानसिक स्वास्थ्य र सिक्ने प्रक्रियालाई गहिरोरूपले प्रभावित गर्दछ । तनावपूर्ण परिस्थितिमा जीवन व्यतीत गर्नाले बेचैनी, डर, मूड तलमाथि हुनु र अन्य मानसिक रोगबाट ग्रसित हुने सम्भावना बढ्ने खतरा हुन्छ। यसबारे अझ प्रस्ट हुन घर वरिपरिका केटाकेटीहरूसँग कुराकानी गरें, साथै साथीहरूसँग मोबाइलमा सम्पर्क गरेर त्यहाँको स्थिति कस्तो छ बुझ्ने प्रयास गरें । कुराकानीबाट के थाहा भयो भने एउटै समुदायमा बस्ने केटाकेटीहरू जहाँ परस्पर भेट्न सक्छन्, कुराकानी गर्न सक्छन् र खेल्न सक्छन्, त्यहाँ कम्तिमा उनीहरू डर वा शकको बेग्लै श्रेणीमा बसिरहेका छैनन् तर उनीहरूको आर्थिक स्थितिले उनीहरूमाथि बेग्लै किसिमको प्रभाव पारेको थियो।

एक महीनापछि मोबाइलको माध्यमले केही विद्यार्थीसँग कुरा गर्ने अवसर प्राप्त भयो। उनीहरूको मनस्थिति बुझ्ने प्रयास गर्दै उनीहरूको दिनचर्यामा केही हस्तक्षेप गर्ने कोशिश पनि गरियो जसबाट केटाकेटीहरू केही सामान्य हुन सकून् । केटाकेटीहरूको मनका कुरा बाहिर ल्याउन आवश्यक थियो र कि यथास्थितिमा उनीहरू केही सकारात्मक हस्तक्षेप गर्ने प्रयास गर्न सकून्। त्यसपछि हामी शिक्षक साथीहरूले हाम्रो सम्पर्कमा आएका केटाकेटीहरूलाई सानासाना समूहमा विभाजन गरेर उमेर समूह अनुसार उनीहरूलाई विषय तोकी चित्र बनाउन, कविता लेख्न, कथा लेख्न, कुनै विषयमाथि आफ्नो विचार व्यक्त लगायौं। आफ्नो कुरा व्यक्त गर्न प्रेरित गर्‍यौं । उनीहरूका आमाबुवासँग पनि कुरा गरियो। यसरी अभिभावक र विद्यार्थीबीच फोन र विभिन्न एपको माध्यमबाट सम्पर्कमा रही उनीहरूको कुरा सुन्ने र बुझ्ने प्रयास गरियो ।

**केटाकेटीहरूमा तनावको प्रमुख कारण**

उनीहरूसँग कुनै प्रश्न सोध्नासाथ मनभित्र गुम्सिएर बसेका कैयन कुराजस्तै पढाइप्रति चिन्ता, उनीहरूले भोग्नुपर्ने परेशानी र उत्सुकता उनीहरूको बोल्ने हाउभाउबाट व्यक्त हुन्थ्यो। यससँगै धेरै विद्यार्थी कोभिड–१९ का सम्बन्धमा बढी भन्दा बढी जानकारी चाहन्थे। खासगरी उनीहरूमा तनावका यी सब कारण महसूस गरियो :

**आर्थिक चुनौतीहरू**

मजदूर वर्ग हरेक दिन कमाएर खान्छ। काम नपाउँदा घरमा पहिलो दिन देखि नै पैसाको कमी महसूस हुन्छ । केटाकेटीहरूको लागि आमाबुवासँग पैसा माग्नु, यद्यपि त्यो उनीहरूको न्यूनतम बानी थियो, त्यसमा बदलाव उनीहरूमा तनावको एउटा प्रमुख कारण बन्यो । कोरोनाकालमा जागीर छुट्नु र काम न पाउनुजस्ता समस्याबाट देशको जनसङ्ख्याको धेरैजसो आबादी ग्रसित हुनाले वञ्चित समुदायको स्थिति झन् जटिल र दयनीय भयो । पुरुषसँगै गाउँघरमा काम गर्ने महिलाहरूलाई पनि काम पाउन गाह्रो भयो। उनीहरूलाई कि काम गर्न बोलाइएन र जसलाई बोलाइयो उसलाई पनि कम तलबमा काम गर्न लगाइयो। यसको असर परिवार र केटाकेटीहरूमाथि पनि देखिन थाल्यो । एउटा १० वर्षकी केटीले लेखिन्–"हामीलाई थाहा छैन साँझ खाना दिन आउँछन् कि आउँदैनन्। भोलि आउँछन् कि आउँदैनन् त्यसको चिन्ता भइरहेको छ । जुन खानेकुरा पाइएको छ त्यो सबै खाउँ कि भोलिको लागि पनि जोगाएर राखौं ।" गोपाल (११वर्ष) ले लेख्यो–"घरमा राशन खत्म हुन लागेको छ। यस कारण एक दिन बिराएर खाना पाक्छ। कहिलेकाहीं यताउताबाट मागेर पनि खाने गर्छु। लक–डाउन बढ्ने कुरा सुन्दा राम्रो लाग्दैन्थ्यो।" एउटी केटीले हामीसँग सोधिन्–"राशन बाँड्न आउँदा नागरिकता हेरेर मात्र राशन दिन्थे । उनीहरूले यसो किन गर्छन् ?" केही केटाकेटीले लक–डाउनको बेला भोक पनि बढी लाग्छ लेखेका थिए। यसबाहेक यस परिस्थितिमा जहाँ सरसफाइमा बढी ध्यान दिनु आवश्यक थियो र नियमित हात धुने कुरा गरिन्छ त्यहाँ कैयन मानिससँग खाना खान त पैसा थिएन, साबुन कहाँबाट किन्न सक्थे ?

**पढाइमा खतरा**

कोरोना महामारीको कालमा विद्यालय, क्याम्पस र सबैखाले शिक्षण संस्थाहरू बन्द गरिएका थिए र विद्यार्थीहरू लामो समयदेखि घरमैं कैद थिए। जो सक्षम थिए उनीहरूको लागि अनलाइन कक्षा प्रारम्भ भइसकेको थियो तर वञ्चित समुदाय जोसँग खानको लागि पैसा थिएन, उनीहरूको लागि मोबाइल किन्नु र इन्टरनेटसम्म पहुँच बनाउनु सम्भव थिएन । यस्ता केटाकेटीहरूको एउटा ठूलो समूह पढाइबाट धेरै टाढा भइरहेको थियो। आमाबुवालाई पढेका कुरा बिर्सने चिन्ताले सताइरहेको थियो। यो चिन्ता उनीहरूले गर्ने कुराकानीबाट प्रस्ट हुन्थ्यो । धेरैजसो केटाकेटीहरू अनलाइन कक्षाको बेला उदास बसिरहन्थे किनभने कैयनसँग मोबाइल फोन थिएन र कसैसँग थियो भने पनि डाटा किन्ने पैसा थिएन । लाली (१५ वर्ष) को कथनानुसार उसका आमा र बुवा दुवै ज्यालादारीमा काम गर्दथे, जसबाट घर खर्चसहित दुईटी बहिनी र भाइको स्कूल फी भुक्तान गरिन्थ्यो। हाल आमाबुवा दुवै कामबाट वञ्चित छन्। यस कारण हामी दुवै बहिनीको नाम बोर्डिङबाट काटिएको छ । हामी दुवै चिन्तित छौं र अब त मलाई पनि काम गर्नुपरिरहेको छ।"

**साथीहरूसँग भेट नहुनु**

कोरोनाकालमा साथीहरूसँग भेट्न नपाउनु केटाकेटीहरूको परेशानीको सबैभन्दा ठूलो कारण थियो। केटीहरूको लागि यो झन् चिन्ताजनक स्थिति थियो किनभने उनीहरूमाथि घरको जिम्मेवारी थपियो, जसबाट उनीहरू तनावमा थिए त्यहीं अर्कोतिर साथीहरूसँग पनि भेट भइरहेको थिएन। सीमा (९ वर्ष) आफ्नो साथीसँगै पढाइ–लेखाइ, खेलकूद, गपशप र हरेक कुरा साझा गर्थिन् तर कोभिड–१९ को कारण उनी एक्लोपना महसूस गर्न थालिन् । हुनत भाइबहिनीसँग कुराकानी हुन्थ्यो तर तनावले गर्दा सानो बहसमा पनि झगडा हुन थालेको थियो जसले गर्दा उनकी आमा पनि तनावमा थिइन्।

**एक्लोपना**

विद्यालय नजानु र घरमैं बस्दा मनमा चलिरहेका कैयन कुरा कसैसँग साझा गर्न नपाउनु पनि केटाकेटीहरूमा तनाव बढाउनुको कारण थियो । कोरोना कालमा आमाबुवा कामको खोजी र खानाको प्रबन्धमा लागिरहन्थे र यता केटाकेटीहरू घरमा एक्लै समय व्यतीत गरिहन्थे। केहीले यस बेला मोबाइललाई आफ्नो साथी बनाए तर जोसँग मोबाइल थिएन, उनीहरू तनावमा थिए र एक्लै आफ्नो समय व्यतीत गरिरहेका थिए।

**कोभिडको आतङ्क**

चारैतिर कोरोना भाइरसको डर र थरीथरीका अफवाहले केटाकेटीहरूको मनमा बेचैनी र चिन्ता बढिरहेको थियो। अपरिचितलाई देख्नासाथ मानिसहरू लुक्न थाल्थे। यसबारे खोतल्दा केटाकेटीहरूलाई के लाग्थ्यो भने उनीहरू केटाकेटीहरूलाई समातेर लग्छन् र १४ दिनसम्म एक्लै बसाइदिन्छन्। कोरोनाकालमा फैलाइएको भ्रमले गर्दा केटाकेटीहरूलाई आतङ्कित पारेको थियो ।

**छुवाछूतको अनुभव**

एकातिर कोरोनाकालमा जागीर गुमाउनुको परेशानी थियो भने अर्कोतिर काम पाए पनि मालिकको व्यवहारले धेरै परेशान गरिरहेको थियो । चन्दनका अनुसार जब उनी काम गर्न जान्थे त्यहाँ कुनै पनि कुरा छुनुभन्दा पहिला हात धुनु, हातलाई सेनेटाइज गर्नु आवश्यक थियो। रोशनका अनुसार यो छुवाछूतजस्तै रोग थियो । उसको समुदायमा कोही तरकारी बेच्न आउँदा सबै मिलेर उसलाई भगाइदिन्थे।

**आमाबुवाको चिन्ता**

केटाकेटीहरू परिवारमा ठूलाबडाको तनाव पनि अनुभव गरिरहेका थिए र उनीहरूको दु:ख हटाउने प्रयास गरिरहेका थिए । तनावले गर्दा घरमा हुने झगडा पनि केटाकेटीहरूमा तनावको एउटा कारण थियो। छिमेकीले बताए अनुसार–घरमा काम गर्ने एउटी महिला छोरीसहित मालिकको घर पैसा माँग्न गइन्, तर मालकिनले घरभित्र पस्न नदिएपछि रुन थालिन् र छोरीले आमाको हात समातेर घर ल्याइन्।

**समाचारको प्रभाव**

कोभिड–१९ कसरी फैलिरहेको छ, कुन देशमा के भइरहेको छ जस्ता समाचारहरूले पनि केटाकेटीहरूलाई प्रभावित गरिरहेको थियो। के पनि हेर्न पाइयो भने आफूभन्दा टाढा रहेका नातेदारहरूबारे पनि उनीहरू चिन्तित थिए। केटाकेटीहरूसँग धेरै प्रश्न थिए तर त्यसको जवाफ दिने कोही थिएन। आफ्नो समुदायमा उनीहरू खेलि पनि रहेका थिए तर स्वतन्त्रताको अनुभूति थिएन । उनीहरू विद्यालयलाई बढी सम्झना गरिरहेका थिए । आआफ्नो समस्याबाहेक उनीहरू देश–दुनियाँको समस्याबाट पनि ग्रसित थिए।

केटाकेटीहरूको स्थितिलाई कोरोना कालमा नियाल्दा के अनुभव भयो भने उनीहरूसँग लगातार कुरा गर्नु र घर वरिपरि केही गतिविधि हुनु आवश्यक थियो तर त्यो भइरहेको थिएन । यस विश्लेषणबाट के प्रस्ट हुन्छ भने यस प्रकारको भूमिका धेरैले निर्वाह गर्न सक्छन् चाहे घरका व्यक्ति हुन् वा शिक्षक वा समाजको कोही अन्य । खाँचो केटाकेटीहरूको कुरा सुन्नु र उनीहरूको तनाव साझा गर्ने अवसर प्रदान गर्न दिनु थियो । हालसम्म कोरोनामाथि पूर्ण नियन्त्रण हुन सकेको छैन। यस परिवेशमा केटाकेटीहरूसँग नियमित छलफल गर्नु र उनीहरूको दिशा–निर्देश गरिराख्नु आवश्यक छ र सँगसँगै, सबैले विश्व स्वास्थ्य सङ्गठनले यस सम्बन्धमा निर्धारित गरेको कार्यक्रम अनुसार दिनचर्या बनाउनु आवश्यक छ।

## ज्ञानवर्द्धक लेख

पाठक प्रतिक्रिया

३ गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'ग्रीन मार्केटिङ र लिन म्यानुफैक्चरिङ' पढें । यी दुई महत्त्वपूर्ण टर्मसित सर्वसाधारणलाई परिचित गराइदिएकोमा म लेखकलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । यी दुवै एक साथ मैले वीरगंज चिनी कारखानामा देखेको छु जुन अहिले बन्द भइसक्यो ।

रूसबाट निर्मित त्यो कारखाना हेर्न पुग्दा लाग्दथ्यो कुनै दरबार हेरिरहेका छौं। फोहोर र दुर्गन्धको नाम–निशान पाइन्नथ्यो जबकि मलाई लाग्छ कारखानाहरूमध्ये सबैभन्दा फोहोर चिनी कारखाना वा छाला कारखाना नै हुन्छ। वीरगंज चिनी काराखानाको फोहोर एक माइल टाढा पोखरीमा मिल्काइन्थ्यो र राम्ररी त्यसको ट्रिटमेन्ट राम्ररी गरिन्थ्यो । आज त सबै कारखानाको मल सुविधाको लागि सरिसवा नदीमा नै मिल्काइन्छ, जसले गर्दा त्यसको पानी जनावरले पनि नुहाउन लायक छैन । अब कुरा गरौं ग्लास्गोको। त्यसबारे प्रतीकका स्तम्भकार विनोद गुप्ताले नौ दिन चले अढाई कोस भनी टिप्पणी गरेपछि मैले केही कभन्नुपर्दैन।

कार्बनसँग हामीले तीन स्तरमा युद्ध गर्नुपर्छ। जीरो, नेट जीरो र कार्बन रूपान्तरण । जीरो उत्सर्जनको मतलब हो कार्बनडाइक्साइड उत्सर्जन नै नगर्ने, जुन विकसित देशको मात्र लक्ष्य हुनुपर्छ र त्यसमा समय लाग्छ । नेट जीरोको मतलब हो जति कार्बन उत्सर्जन गर्ने त्यति नै मात्रामा आक्सिजन वातावरणमा छोड्ने–वृक्षारोपण, वन संरक्षण गरेर । तर यी दुईले मात्र समस्या समाधान हुने छैन। विगत ५०० वर्षमा जति कार्बन र अहिले जति कार्बन उत्सर्जन भएको छ त्यो आकाशमा तहतह गरेर बसेको छ । त्यो तह सफा नभई लक्षित परिणाम हासिल हुन सक्दैन । त्यसको रूपान्तरण गर्नको लागि हामीले आकाशमा त्यति नै मात्रामा सल्फर छर्नुपर्छ । सल्फरले जमेको कार्बनडाइक्साइडसँग प्रतिक्रिया गरेर कार्बनडाइअक्साइडलाई हटाइदिन्छ र वायुमण्डल सफा पारिदिन्छ । जीरो उत्सर्जन विकसित देश, नेट जीरो विकासशील देश र सल्फर छर्ने काम सबै मुलुकको जिम्मामा हुनुपर्छ । लेखकको यस कथनसँग म सहमत छैन कि सामान्य जनतामा विश्व वातारण जोगाउनुपर्छ भने चेतना हुँदैन । यसविपरीत धनाढ्य र औद्योगिक घराना र सरकारमा देखिएको छैन । र यसको कारण उनीहरूको सीमाहीन मुनाफाको लोभ हो। गाँधीले ठीकै भनेका छन्–प्रकृतिमा हाम्रो सबै आवश्यकता पूरा गर्ने क्षमता छ तर हाम्रो अन्तहीन लालच पूरा गर्ने क्षमता छैन ।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# प्रदेश नं २ सरकारमा नेकपा (एकीकृत समाजवादी) सहभागी

धनुषा, ५ मङ्सिर/रासस

प्रदेश नं २ सरकारको मन्त्रिपरिषद् विस्तार गरिएको छ। प्रदेश सरकारमा आजदेखि नेकपा (एकीकृत समाजवादी)बाट दुई मन्त्री सहभागी भएका छन्। नवनियुक्त दुई मन्त्रीले आजै पद तथा गोपनीयताको शपथ ग्रहण गरी औपचारिकरूपमा कार्यभार सम्हालेका छन्।



तस्वीरः फाइल

प्रदेश प्रमुख हरिशङ्कर मिश्राले मुख्यमन्त्री लालबाबू राउतद्वारा नवनियुक्त उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुघ्न महतो र कानून, न्याय तथा प्रदेशसभा मामिलामन्त्री प्रमोदकुमार यादवलाई पद तथा गोपनीयताको शपथ गराए।

एकीकृत समाजवादीसँग मन्त्रालय र मन्त्रीको टुङ्गो नलाग्दा मन्त्रिमण्डल विस्तारको समय लम्बिएको थियो। एकीकृत समाजवादीलाई सरकारमा सहभागी गराउन मुख्यमन्त्री राउतले आफ्नै दल जनता समाजवादी पार्टीका मन्त्री रामनरेश रायलाई गत साता बर्खास्त गरेका थिए।

नवनियुक्त मन्त्रीमा धनुषा निर्वाचन क्षेत्र नं ४ (ख) बाट निर्वाचित महतो संविधानसभाका बेला सङ्घीय सरकारमा स्थानीय विकास राज्यमन्त्रीसमेत भएका थिए। सिरहा निर्वाचन क्षेत्र नं ३ (ख) बाट प्रदेशसभा सदस्य भएका यादवले अर्को मन्त्रालयको जिम्मेवारी पाएका हुन्। प्रदेशसभामा नेकपा(एस)का १३ सदस्य छन्। केन्द्रमा बनेको गठबन्धन अनुसार प्रदेशमा जसपा नेतृत्वको सरकारमा काङ्ग्रेस, माओवादी र नेकपा(एस)लाई सहभागी गराइएको हो। प्रदेश सरकारमा जसपाले मुख्यमन्त्रीसहित अर्थ, सामाजिक विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी गरी चार मन्त्रालय, काङ्ग्रेसले भौतिक पूर्वाधार, ऊर्जा तथा खानेपानी र महिला, बालबालिका, युवा तथा खेलकूद गरी तीन मन्त्रालय र नेकपा (माओवादी केन्द्र)ले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय पाएका छन्। नेकपा(एस)लाई पनि भागबन्डामैं दुई मन्त्रालय दिइएको छ।

# बालबालिकालाई फाइजर खोप

काठमाडौं, ५ मङ्सिर/रासस

कोभिडविरुद्ध फाइजर खोप आजदेखि १२ देखि १७ वर्ष उमेर समूहका सर्वसाधारण बालबालिकालाई दिन शुरू गरिएको छ। कोभिड १९ विरुद्ध खोप नलगाएका तोकिएका दीर्घ रोग भएका १२ वर्ष उमेर माथिका व्यक्तिलाई दिइने फाइजर खोपको पहिलो मात्रा गत कात्तिक २८ देखि यही मङ्सिर ४ गतेसम्म दिइएको थियो भने दोस्रो मात्रा यही मङ्सिर २७ देखि आगामी पुस २ गतेसम्म दिइने स्वास्थ्य कार्यालय काठमाडौंले जनाएको छ।

स्वास्थ्य कार्यालयका प्रमुख शम्भु काफ्लेले फाइजरका लागि तोकिएका गङ्गालाल हृदयरोग केन्द्र, त्रिवि शिक्षण अस्पताल, वीरेन्द्र सैनिक अस्पताल, वीर अस्पताल र निजामती अस्पतालका खोप केन्द्रमार्फत खोप दिने गरिएको जानकारी दिए।

उनका अनुसार खोपको मात्रा कम भएकाले ती केन्द्रहरूमार्फत आज र भोलि पहिले आउनेलाई प्राथमिकताका आधारमा खोप दिने प्रबन्ध मिलाइएको छ। आजका लागि खोप केन्द्र अनुसार ३०० देखि ४०० खोप पठाइएको उनले बताए।




फाइजर खोप लगाउने लक्षित दीर्घ रोगी समूहमा मुटुको शल्यक्रिया गराएका वा औषधि सेवन गरिरहेका, मिर्गौला फेरेका, डायलाइसिस गराइरहेका वा औषधि सेवन गरिरहेका, जुनसुकै प्रकारको क्यान्सरको उपचार गराइरहेका, फोक्सोसम्बन्धी रोगको औषधि सेवन गरिरहेका, अङ्ग प्रत्यारोपण गराएका, उच्च रक्तचाप वा मधुमेह भई चिकित्सकको निगरानीमा उपचार गराइरहेका, रोग प्रतिरोधात्मक क्षमता कम भएको अवस्थाका र मस्तिष्क र मस्तिष्कका रक्तनलीसम्बन्धी रोग भएका व्यक्तिहरू पर्दछन्। सुरक्षित र प्रभावकारी मानिएको यो खोपको दुवै मात्रा पूरा गरेमा ९५ प्रतिशतसम्म प्रभावकारी हुने अध्ययनले देखाएको छ। कोभ्याक्स सुविधा अन्तर्गत नेपालले प्राप्त गरेको एक लाख ६२० डोज खोप काठमाडौं उपत्यकामा आठ र उपत्यका बाहिरका १६ गरी कुल २४ अस्पतालमा केन्द्र तोकेर गत २८ कात्तिकदेखि लगाउन शुरू गरिएको थियो।

# भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय वीरगंजबाट तपसिलका बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा यस कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली नियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लीलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्तिहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिनेहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**कार्यालयको नाम : कृषि विकास बैंक लि., शाखा कार्यालय, वीरगंज, घण्टाघर, पर्सा**

| क्र.सं. | ग्राहक नं. | फाइल नं. | ऋणी (व्यक्ति)को नाम थर | ऋणीको पिता/पतिको नाम | ग्राहकको बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य | २०७८ कात्तिक मसान्तसम्म | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | भाका नाघेको साँवा | ब्याज बाँकी | जम्मा |
| १ | २८५८४५ | १०२३९ | अम्बिका राउत अहिर | | | हरपतगंज-२, पर्सा | घरायसी | ११९,६८८ | ६७,००० | १८६,६८८ |
| २ | १०७२६११ | १२९८४ | सरस्वती पराजुली | छविप्रसाद पराजुली | जेबी प्रसाद | वीरगंज मनपा-१८, पर्सा | घरायसी | २,५०१,१०० | ६८५,००० | ३,१८६,१०० |
| ३ | १२५९९६० | ११९२० | आरएन आँचल गाईभैंसी बाखा फर्म, प्रो. पूजा केसी | कृष्णबहादुर केसी | मोतीबहादुर केसी | पर्सागढी-३, पर्सा | सहुलियत | १,८००,००० | २३०,००० | २,०३०,००० |
| ४ | २८५९८७ | १२८३० | गौरीशङ्कर निर्माण सेवा प्रो. मुकेशप्रसाद कुर्मी | बिन्दाप्रसाद कुर्मी | रामलखन राउत कुर्मी | पोखरिया-२ | जमानत दाबी | २,२९०,००० | ८७६,००० | ३,१६६,००० |
| ५ | ७३८७७७ | ११८९५ | सत्यनारायण राउत | लक्ष्मण राउत | जुठन राउत | उदयपुरघुर्मी-६ | सरल कृषि | १,०००,००० | ४१,००० | १,०४१,००० |
| ६ | ७१७५१५ | ११९१७ | निमियामाई निर्माण सेवा, प्रो. अशोककुमार साह तेली | वैकुण्ठ साह तेली | सर्जुग साह तेली | सुरजाहा-७ | ओडी | १,१५८,१०० | ४१,००० | १,१९९,१०० |
| ७ | १३०४९४७ | १३२२६ | रिजान ट्रेड कन्सर्न, प्रो. गोपालप्रसाद थारू | हरिप्रसाद थारू | बनु महतो थारू | वीरगंज-१६ | व्यापार | १,०००,००० | १५०,००० | १,१५०,००० |
| ८ | १२९६०२ | ११५४९ | दीपा इन्टरप्राइजेज, प्रो. चिरञ्जीवीप्रसाद कहार | गोपाल कुम्हाल | पराउ महतो कुम्हार | वीरगंज-१० | ओडी | ९९५,००० | १०३,००० | १,०९८,००० |
| ९ | ७०१७६२ | ११७८० | नितेश कन्स्ट्रक्शन, प्रो. सिकन्दरप्रसाद कुर्मी | खोबलाल राउत कुर्मी | रामध्यान राउत कुर्मी | पर्सागढी-७ | ओडी | ९५०,००० | ३७,००० | ९८७,००० |
| १० | १०९३५६१ | १३००७ | ओम रेडिमेड उद्योग, प्रो. रविकुमार साह | जगदीशप्रसाद साह | महावीर साह | वीरगंज-१४ | व्यापार | ८६८,००० | २९,००० | ८९७,००० |
| ११ | ३००५५१ | १०१०१ | पचियादेवी थरुनी | जङ्गबहादुर दास | सुनर राउत | बिरुवागुठी-४ | बेचबिखन | ८३,६३८ | २६,००० | १०९,६३८ |
| १२ | २८५५९० | १२७६२ | विन्दवासिनी निर्माण सेवा, प्रो. मोतीलालप्रसाद कुर्मी | ठोरी राउत | धर्मदेव राउत | वीरगंज-१७ | ओडी | ८००,००० | ५७,००० | ८५७,००० |
| १३ | २८५११९ | १२०८३ | फिरोज कन्स्ट्रक्शन, प्रो. रमतुल्लाह खान | अनिल खान | अदालत खान | वीरगंज-१६ | ओडी | ७१८,०३४ | २३०,००० | ९४८,०३४ |
| १४ | १२८५९०४ | १३२०५ | सुनीता कपडा पसल, प्रो. सुनीता कुमारी | भिखारी राउत कुर्मी | गगनदेव राउत | वीरगंज-६ | व्यापार | ७००,००० | १५०,००० | ८५०,००० |
| १५ | २८६७०७ | ११४०० | सुदामा शुक्ला | जगरनाथ शुक्ला | राई शुक्ला | उदयपुरघुर्मी-१ | घरायसी | ६५०,००० | ३५,००० | ६८५,००० |
| १६ | १०५००२२ | ११९२० | अरुणकुमार पुरी | कपिल पुरी | खूबलाल पुरी | वीरगंज-२०, हरपतगंज | घरायसी | १,५००,००० | १३०,००० | १,६३०,००० |
| १७ | २८५४०४ | १२६०३ | मोहिपत बस्त्रालय, प्रो. ब्रह्म दास थारू | मोहन दास थारू | महावीर दास | वीरगंज-१२ | ओडी | ६४९,३५० | २७६,००० | ९२५,३५० |
| १८ | १२२२०११ | १३१३९ | ओसी अहमद हवारी | सतर मियाँ धोबी | नुरद्दीन मियाँ धोबी | वीरगंज-११ | घरायसी | ६००,००० | २७०,००० | ८७०,००० |
| १९ | २८५९०९ | ११२९४ | शान्तिदेवी थापामगर | पतिः लेखवीर थापामगर | ससुराः धनवीर थापा | वीरगंज-१८ | घरायसी | ५०२,२८९ | ९०,००० | ५९२,२८९ |
| २० | २८६६९५ | ११३९६ | रोयल फर्मा | प्रो. नरेशप्रसाद थारू | चन्द्रदेव महतो थारू | पटेर्वासुगौली-४ | सेवा | ५१६,००० | ३१,००० | ५४७,००० |
| २१ | २९५२९१ | १२९६५ | हरिहर राउत अहिर | मोहन राउत अहिर | अनती राउत अहिर | वीरगंज-१८ | ओडी | ५००,००० | ४५,००० | ५४५,००० |
| २२ | ५१९५८४ | ११७३५ | तुफान ट्रेडर्स | प्रो. विजय सहनी | रामदेव सहनी | वीरगंज-१८ | व्यापार | ५००,००० | १२२,००० | ६२२,००० |
| २३ | १४९९०२ | ११६६३ | शहनाज खातुन | ओसिम अहमद हवारी | समिल महम्मद मियाँ | वीरगंज-१५, मुर्ली | ओडी | ८५०,००० | ३५,००० | ८८५,००० |
| २४ | १२३३०९० | १३१६२ | न्यू शर्मन वर्क एन्ड इन्जिनीयरिङ, प्रो. शर्मानन्दप्रसाद यादव | रमन राउत यादव | गोपी यादव | वीरगंज-१९ | व्यापार | ५००,००० | ७२,००० | ५७२,००० |
| २५ | १०६१८५० | १२९५७ | वृन्दावन मिठाइपसल, प्रो. ताराचन्द साह गोढ | गोपाल साह गोढ | महादेव साह गोढ | वीरगंज-१९ | व्यापार | ५००,००० | ३०,००० | ५३०,००० |
| २६ | १०००१३६ | ११९४७ | इलियास मियाँ अन्सारी | अब्दुल रहमान | इस महमद | वीरगंज-३१ | ओडी | ५००,००० | ४५,००० | ५४५,००० |
| २७ | २८५१२३ | १२१०४ | ओम चौरसिया निर्माण सेवा, प्रो. अच्छेलालप्रसाद चौरसिया | चोकर राउत बरै | देवनाथ राउत बरै | वीरगंज-१६ | ओडी | ४९७,००० | २८०,००० | ७७७,००० |
| २८ | १००३९५३ | ११९७४ | लक्ष्मणप्रसाद गुप्ता | मिठु साह गुप्ता | सुखारी साह कानू | वीरगंज-१० | व्यापार | ४८५,००० | १३०,००० | ६१५,००० |
| २९ | २८७११७ | १०३६७ | लालबाबूप्रसाद यादव | प्रमानन्दप्रसाद अहिर | लक्ष्मी राउत | वीरगंज-२३ | घरायसी | ४६३,००० | १५७,००० | ६२०,००० |
| ३० | १२३५१०१ | १३१९१ | शिवनाथ महतो कोइरी | गजिर महतो कोइरी | सरजुग महतो कोइरी | वीरगंज-२ | ओडी | ४००,००० | ६७,००० | ४६७,००० |
| ३१ | ३००१९० | ११४०७ | एसएस ट्रेडर्स, प्रो. शैलेशकुमार चौधरी | रामभजनप्रसाद चौधरी | हरिराम चौधरी | वीरगंज-१४ | ओडी | ३६६,५०० | १४५,००० | ६११,५०० |
| ३२ | ११११७७५ | ० | मुस्तकिम अन्सारी | इजरायल मियाँ अन्सारी | राजभारी मियाँ अन्सारी | वीरगंज-१६ | घरनिर्माण | ३,८६८,२८० | १००,००० | ३,९६८,२८० |
| ३३ | २८५८१० | ११२४० | रेशमी देवी | पतिः सत्यनारायण साह कानू | गोपी साह कानू | वीरगंज-१६ | घरायसी | १,५००,००० | ५५,००० | १,५५५,००० |
| ३४ | ७५८००२ | १३३३५ | मनी कन्स्ट्रक्शन, प्रो. अयोध्याप्रसाद कुर्मी | कपिलदेवप्रसाद कुर्मी | भोला राउत कुर्मी | औराहा-७ | ओडी | ५,०००,००० | १५०,००० | ५,१५०,००० |
| ३५ | २८५९२३ | ११३०१ | गायत्रीदेवी कनुइन | पतिः गोरीशङ्कर साह | बुबाः भगद गुप्ता | वीरगंज-१ | घरायसी | ८००,००० | १४,००० | ८१४,००० |
| ३६ | १२३१७१० | १३१६० | रामकृष्ण पशुपालन फर्म, प्रो. कुमोद यादव | रामप्रसाद यादव | राधा राउत | बहुदरमाई-२ | सहुलियत | ३,८४८,३६४ | ३२,००० | ३,८८०,३६४ |
| ३७ | १२२८०१६ | १३३२४ | वनदेवी सप्लायर्स, प्रो. अर्जुनप्रसाद कुर्मी | श्रीलालप्रसाद कुर्मी | ठकुरी राउत कुर्मी | जगरनाथपुर-६ | व्यापार | ३,२००,००० | १००,००० | ३,३००,००० |
| ३८ | १२१८३८७ | ११६६५ | माँ सरस्वती ट्रेडर्स, प्रो. सत्यदेवप्रसाद यादव | सिंहासन राउत अहिर | नागा राउत अहिर | जगरनाथपुर-३ | व्यापार | १,५००,००० | ५०,००० | १,५५०,००० |
| ३९ | १३८८४६ | ११६३० | उमाकान्त दुबे | जङ्गी दुबे | रामेश्वर दुबे | वीरगंज-११ | घरायसी | ६००,००० | २६,००० | ६२६,००० |
| ४० | २८६१२० | ६६०७ | रामबाबू गिरी | धुरन्धर गिरी | महादेव गिरी | वीरगंज-१७ | घरायसी | ९७५,००० | ५३,००० | १,०२८,००० |
| ४१ | १७१०७६१ | १३३१८ | रैड्स ब्लक ईँटा उद्योग, प्रो. नुर महमद अन्सारी | रोज महमद अन्सारी | इब्राहिम अन्सारी | वीरगंज-२३ | उद्योग सञ्चालन | ९५०,००० | ३०,००० | ९८०,००० |
| ४२ | १०७२४४५ | १२९८१ | दिया मत्स्य फर्म, प्रो. प्रकाश मल्ल | टङ्कबहादुर मल्ल | रुकुमबहादुर मल्ल | चोर्नी-९ | सहुलियत | २,७६४,२२५ | २,००० | २,७६६,२२५ |
| ४४ | ५०४८६५ | ११६९६ | आसमन राउत अहिर | गुदर राउत अहिर | लङ्गट राउत अहिर | पचरुखी-४ | घरायसी | ३००,००० | ८०,००० | ३८०,००० |
| ४५ | १००९००४ | ११९९२ | लक्ष्मण राउत अहिर | रुदल राउत अहिर | फागु राउत अहिर | पर्सागढी-५ | ओडी | ३००,००० | १५,००० | ३१५,००० |
| ४६ | ३००८०७ | ११४२४ | रेनु गुप्ता | केदारप्रसाद गुप्ता | वासुदेवप्रसाद गुप्ता | वीरगंज-१९ | बेचबिखन | २५०,००० | ८५,००० | ३३५,००० |
| ४७ | ३००६६० | १०६०० | शिवशङ्कर प्रसाद | रामकृत साह | गया साह | पिपराबिर्ता-७ | ओडी | २२०,००० | १८५,००० | ४०५,००० |
| ४८ | १६२७१०७ | १३३०४ | सोनालाल प्रसाद | सुरुजप्रसाद कुर्मी | जयकिसुन राउत कुर्मी | वीरगंज-१८ | ओडी | ९००,००० | ३५,००० | ९३५,००० |
| ४९ | १०६०९३७ | १२९५५ | रुदल राउत अहिर | राजा राउत | भुखी राउत | उदयपुरघुर्मी-४ | ओडी | ८००,००० | ३०,००० | ८३०,००० |
| ५० | ११९९३७० | १३१२० | मुकेश मोटरसाइकल वर्कशप, प्रो. गीता देवी | शिवनाथ राउत कुर्मी | जगरनाथ राउत कुर्मी | वीरगंज-१५ | व्यापार | ८००,००० | २६,००० | ८२६,००० |
| | | | | | | | जम्मा | ५३,५३८,५६८ | ५,७५०,००० | ५९,३८८,५६८ |

**कृषि विकास बैंक लि.**, प्रदेश कार्यालय, वीरगंज

# नेपाली पत्रकारिता र हाम्रो भूमिका

**मन्तव्य**



गिरिजा अधिकारी

**अहिले नेपालमा तीन तहको सरकार छ। तीनै तहका सरकारहरू चरम आर्थिक विशृङ्खलतामा छन्। आर्थिकरूपमा चरम भ्रष्टाचारमा डुबेका छन्। मिडिया बचाउनेभन्दा मिडियालाई सर्वथा कमजोर बनाएर लुटको इमारत खडा गर्न यी तीनै तहका सरकार लागिपरेका छन्।**

नेपाली पत्रकारिताको इतिहास उति पुरानो छैन। तर पत्रकारिता क्षेत्र हिजो जन्मिएको चिचिलो अवस्थाबाट वयस्क भइसकेको छ। वयस्क अवस्था पुग्दा नपुग्दै यसरी मक्किएको छ कि बेलैमा उपचार नगर्ने हो भने एक दिन नराम्ररी उत्तानो पर्ने अवस्था आउन सक्दछ। यो क्षेत्र यति चाँडै पतनको दिशातिर जानुमा हाम्रा आफ्नै कर्म प्रधान रहेका छन्। हामीले पत्रकारिता क्षेत्रलाई समृद्ध बनाउन आवश्यक पहल गर्न सकिरहेका छैनौं वा चाहिरेहका छैनौं। पत्रकारितालाई मर्यादित र व्यावसायिक बनाउन हामी चुकिरहेका छौं। यसको आदर्श र नैतिक मूल्यलाई हामीले धूलीसात् पारिसकेका छौं। जुरूक्क उठेर टक्टक्याउन ढिला गर्‍यौं भने यसले हाम्रो अस्तित्व मेटिदिन सक्छ। र नेपाली पत्रकारिता क्षेत्र अन्य क्षेत्रजस्तै पङ्गु हुन पुग्छ।

व्यवस्थापिका, न्यायपालिका, कार्यपालिका र पत्रकारिता क्षेत्रबारे यो आलेखमा सङ्क्षेपमा विवेचना गर्ने प्रयास गरिएको छ। किन अन्य क्षेत्रजस्तै पत्रकारिता मैलो बन्न पुगेको छ भनेर समीक्षाको प्रयास पनि गरिएको छ। नेपालमा व्यवस्थापिकाको हालत हामीले धेरै वर्षदेखि देखिरहेका छौं। व्यवस्थापिका अनेकन गन्जागोलमा फसेको छ। देशको हरेक काममा नियन्त्रण र निगरानी राख्नुपर्ने व्यवस्थापिका आफैं निरीह र कमजोर हुन पुगेको छ। नागरिकको सर्वोच्च निकाय व्यवस्थापिका अनेक एजेन्डामा स्वच्छ बहसमा केन्द्रित हुनेभन्दा एक किसिमको बन्दी भइरहेको छ र यो आजको मात्रै कुरा होइन। धेरै वर्ष अघिदेखि देशलाई केन्द्रमा राखेर व्यवस्थापिका सञ्चालन हुनेभन्दा फोहरी राजनीतिक खेलमा अल्झेको छ। यसले आफ्नो काम सशक्त ढङ्गले सम्पादन गर्न सकेको छैन। र, व्यवस्थापिका नियन्त्रित हुनुपर्ने थुप्रै निकाय अराजक अवस्थामा पुगिसकेका छन्। जबसम्म व्यवस्थापिका सक्षम हुँदैन, तबसम्म राज्यका अन्य संयन्त्र पनि सबल हुँदैनन् र यस किसिमको लज्जास्पद कथा हामीले कथिरहनुपर्नेछ।

**देशको अर्को अङ्ग न्यायपालिका**

न्यायपालिकाको रँडाको अहिले नेपालको ताजा विषयवस्तु हो। हरेक दिन सर्वोच्च अदालत र देशका अन्य अदालतहरूमा तमाशा भइरहेको छ। छिटो–छरितो न्याय प्रदान गर्ने र कानूनी राज्यको स्थायित्वका लागि अदालतले निर्वाह गर्नुपर्ने भूमिका गौण छ। बरु न्यायपालिका आफैं नाजुक हालतमा पुगिसकेको छ। न्याय प्राप्त हुने आशा गरेको नागरिक अहिले न्यायालयको हालत देख्दा निराश छ। त्यहाँबाट के न्याय पाइएला भनेर नागरिक अन्य शक्ति केन्द्रलाई जबरजस्ती न्याय निरूपणमा तानिरहेका छन्। अधिवक्ताहरू न्यायालय बचाउन आन्दोलन गरिरहेको बताइरहेका छन्। दशकौंदेखि आर्थिक लेनदेनमा चलिरहेको न्यायपालिका बचाउन अब ढिला भइसकेको छ र यो पनि प्रायः मरिसकेको छ। त्यस्तो कुनै रामबाण प्राप्त भएमात्रै, नत्र न्यायपालिकालाई अब यो स्थितिको अराजकताबाट जोगाउन असम्भवप्रायः छ।

नागरिकको दैनिक जीवनसँग जोडिएको कार्यापालिकाको कुरा त के गरिसाध्य छ र ? चाकडी र चापलुसी मूल्याङ्कनको मुख्य आधार भएको नेपालको कार्यपालिकामा। सक्षम व्यक्तिले उचित ठाउँ पाउन सक्दैन। दशकौंदेखि कार्यपालिकाको यो हालत छ। र यसलाई सुधार गर्न पनि अब रामबाण नै चाहिने भएको छ। जागीरमा बहाल रहँदा नै संवैधानिक आयोगहरूमा प्रवेश पाउने लोभमा फसेका कर्मचारीले इमानदार भएर आफ्नो काम गर्छन् भन्ने सोच्न सकिंदैन। भइरहेको सचिव पदबाट राजीनामा दिन लगाएर सरकारले आयोगहरूमा पुर्‍याउने भएपछि ती कर्मचारी पहिलेदेखि राजनीतिक दलको चाकडीमा लाग्ने अभ्यास नेपाली कार्यपालिकामा हामीले देखेको कुरा हो।

अब प्रसङ्ग निकालौं, पत्रकारिताको। लोकतन्त्रमा पत्रकारितालाई दरिलो खम्बाको रूपमा स्वीकार गरिन्छ। पत्रकारिता क्षेत्रले राज्य र नागरिकबीच सेतुको काम गर्नुपर्दछ। राज्यलाई सचेत गराउने र नागरिकको अधिकारका पक्षमा आवाज उठाउने सशक्त माध्यम हुनुपर्नेमा यो क्षेत्रपनि त्यस्तै अराजकताको भूमरीमा फसेको छ। साँच्चै निष्पक्ष भएर भन्ने हो भने हाम्रो पत्रकारिता पनि प्राण नभएको, अझ भनौं मरिसकेको अवस्थामा छ। अन्य क्षेत्रलाई जस्तै यसलाई पनि जीवित गराउन त्यस्तै कुनै रामबाणकै अवश्यकता भइसकेको छ। र, हामीले अझै पनि यसमा चुपचाप हेरिरहने हो भने पत्रकारिता पनि अशक्त हुनेछ। अहिले नेपाली पत्रकारिता क्षेत्रले आफ्नो आदर्श गुमाउँदै गएको छ। समाज र देशलाई सही बाटो देखाउने पहरेदारको रूपमा यो क्षेत्रलाई हामीले सुधार्नुपर्दछ। त्यसका निम्ति पत्रकारिताको मूल मर्म र आचरणको पालना अहिलेको प्रमुख रामवाण हुन सक्दछ।

हामीले पत्रकारितामार्फत उठान गर्नुपर्ने विषय धेरै छन्। समाजमा भएका, हुने–गरेका गलत गतिविधिको बलियो प्रतिरोध गर्नुपर्दछ र त्यसलाई सच्याउन दबाब बढाउनुपर्नेछ। हामी यही काम गर्न सकिरहेका छैनौं किनभने हामीलाई पनि अराजकताले निल्दैछ। सरकारको गलत रवैयाको शिकार नेपाली मिडिया भइरहेको छ। भनसुन र शक्ति–केन्द्रको आडमा मिडियामाथि हुने गरेका व्यवहार अब हामीले स्वीकार गर्नुहुँदैन बरु त्यसविरुद्ध हामीले पत्रकारिताबाटै प्रतिरोध गर्नुपर्दछ।

अहिले नेपालमा तीन तहको सरकार छ। यी तीनै तहका सरकारहरू चरम आर्थिक विशृङ्खलतामा छन्। आर्थिक रूपमा चरम भ्रष्टाचारमा डुबेका छन्। मिडिया बचाउनेभन्दा मिडियालाई सर्वथा कमजोर बनाएर लुटको इमारत खडा गर्न यी तीनै तहका सरकार लागिपरेका छन्। यति बेला नेपाली मिडियाले आफूलाई इमानदारी साथ उभ्याउनुपर्दछ। पत्रकारिता धर्म निर्वाह गर्दा हामीले नसोचेको मूल्य चुकाउनु किन नपरोस्, त्यसका लागि तयार रहेर सरकारहरूलाई ठीक ठाउँमा ल्याउन हामीले भूमिका निर्वाह गर्नुपर्ने बेला आएको छ।

# विभिन्न क्षेत्रका २२ एसपीको सरुवा

काठमाडौं, ५ मङ्सिर/रासस

नेपाल प्रहरीले २२ प्रहरी उपरीक्षक (एसपी)को सरुवा गरेको छ। प्रहरी माहनिरीक्षक शैलेश थापा क्षत्रीको शनिवारको निर्णय अनुसार प्रहरी उपरीक्षकहरूको सरुवा गरिएको हो। यस अघि कात्तिक २९ गते पनि आठ एसपीको सरुवा भएको थियो।

यसपटक मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुरागकुमार द्विवेदीलाई सुदूरपश्चिम प्रदेश सशस्त्र प्रहरी गण कैलाली, महानगरीय प्रहरी परिसर काठमाडौंका रमेशकुमार बस्नेतलाई जिल्ला प्रहरी कार्यालय पर्सा, मकवानपुरका सोमेन्द्रसिंह राठौरलाई प्रहरी प्रधान कार्यालय युएन जगेडामा र जिल्ला प्रहरी कार्यालय स्याङ्जामा कार्यरत होविन्द्र बोगटीलाई प्रहरी प्रधान कार्यालयको कानून शाखामा सरुवा गरिएको छ।

यस्तै अबिनारायण काफ्लेलाई अख्तियारबाट सप्तरी, कृष्ण प्रसाईंलाई जनकपुरबाट सर्लाही, टीकाबहादुर केसीलाई काठमाडौंबाट लुम्बिनी प्रदेश सशस्त्र प्रहरी गण, तुलबहादुर कार्कीलाई नुवाकोटबाट २ नं प्रदेश प्रहरी कार्यालय, दिनेशराज मैनाली तनहुँबाट महानगरीय प्रहरी परिसर काठमाडौं, ध्रुवराज राउतलाई प्रहरी प्रधान कार्यालयबाट अख्तियार र प्रकाश रानाभाटलाई धनुषाबाट पोखरा सरुवा गरिएको छ।

यस्तै प्रहरी उपरीक्षक वसन्त रजौरेलाई प्रहरी प्रधान कार्यालयबाट धनुषा, बेलबहादुर पाण्डेलाई पर्साबाट प्रहरी प्रधान कार्यालय, भुवनेश्वर तिवारीलाई सुदूरपश्चिम प्रदेशबाट सुर्खेत, महेन्द्र खड्कालाई धादिङबाट सुदूरपश्चिम प्रदेश, राकेश सिंहलाई सुर्खेतबाट धादिङ पठाइएको छ।

प्रउ राजीवबहादुर बस्नेतलाई प्रदेश प्रहरी कार्यालय पोखराबाट स्याङ्जा, राजेन्द्रप्रसाद धमलालाई सप्तरीबाट मानव बेचबिखन अनुसन्धान ब्युरो, राजेन्द्रबहादुर रेग्मीलाई कैलालीबाट तनहुँ, रामप्रकाश शाहलाई बाँकेबाट नुवाकोट, सन्तोषसिंह राठौरलाई सर्लाहीबाट काठमाडौं उपत्यका प्रहरी कार्यालय र सुरेन्द्रबहादुर गुरुङलाई प्रहरी प्रधान कार्यालयबाट जिल्ला प्रहरी कार्यालय मकवानपुर सरुवा गरिएको छ।



यो पुल भाँचिएको तस्वीर पर्सा जिल्ला छिपहरमाई गाउँपालिका–२ चरगाहाटोलको भेडिहर्वाको हो। यसै वर्षको साउनमा आएको बाढीले पुललाई क्षतिग्रस्त पारेपछि यो अवस्था भएको हो। पुल निर्माणको लागि गापा अध्यक्ष मनोज गुप्ता र वडाध्यक्ष महेन्द्र सिंहलाई बारम्बार स्थानीयले ध्यानाकर्षण गराए पनि बाँसको पुलबाहेक पक्की पुल बन्न सकेको छैन। पक्की पुल नबन्दा यहाँका मानिसहरू जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। दुई पाङ्ग्रे र पैदल यात्रीबाहेक अन्य सवारी साधनहरू तीन किलोमिटर घुमेर जानुपर्छ। यही बाटो भारतको मैनाटारका मानिसहरू पनि आवतजावत गर्ने हुनाले अहिले उनीहरूलाई पनि समस्या भएको छ। तस्वीरः सुग्रीव साह

# प्रतिबन्धित औषधिसहित एकजना पक्राउ

प्रस, जीतपुर, ५ मङ्सिर/

प्रतिबन्धित औषधिसहित एकजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।



तस्वीर सौजन्यः जिप्रका, पर्सा

भारतबाट नेपाल आउँदै गरेको ना.४५प ११६४ नम्बरको मोटरसाइकलमा सवार धोबिनी गाउँपालिका–२ आसवारी बस्ने २६ वर्षीय दिवाकरकुमार साहलाई प्रतिबन्धित औषधिसहित सीमा प्रहरी चौकी भिस्वा बन्जारीले पक्राउ गरेको हो। उनको साथबाट नुर्फिन, डाइजेपाम, प्रोमिफाइजाम हाइड्रोकोलोराइड ४५०/४५० थान बरामद भएको जिप्रका पर्साले जनाएको छ।

## फरक समाचार

# विश्व टेलिभिजन दिवस

आजको समयमा विश्वभरि टेलिभिजनको निकै ठूलो महत्त्व छ। यसैकारण हरेक वर्ष २१ नोभेम्बरका दिन विश्व टेलिभिजन दिवस मनाइन्छ। टेलिभिजनले हामीलाई सूचना मात्र होइन, मनोरञ्जन पनि प्रदान गर्छ। टेलिभिजनबाटै हामीले महत्त्वपूर्ण छलफल र निर्णय पनि गर्न सक्छौं।



सन् १९९६ मा संयुक्त राष्ट्रले २१ र २२ नोभेम्बरका दिन विश्वको प्रथम विश्व टेलिभिजन फोरमको आयोजना गरेको थियो। यस फोरमको उद्देश्य एउटा यस्तो मञ्च उपलब्ध गराउनु थियो जहाँ सूचनाको माध्यमबाट टेलिभिजनको महत्त्वबारे कुराकानी गर्न सकियोस्। मञ्चको उद्देश्य बदलिंदो विश्वमा टेलिभिजनको योगदान अगाडि ल्याउनु पनि थियो। टेलिभिजनले जनमतलाई मात्र प्रभावित गर्दैन, ठूल्ठूला निर्णयमाथि पनि प्रभाव पार्छ। यस दिन पत्रकार, लेखक र ब्लगरले टेलिभिजनको भूमिकामाथि चर्चा गर्छन्।

सन् १९२७ मा फिलो टेलर फार्न्सवर्थ नामक २१ वर्षीय युवकले आधुनिक टेलिभिजनमाथि सिग्नल प्रसारित गरेका थिए। उनले टिभीको आविष्कार गरेको एक वर्षपछि अमेरिकामा पहिलो टेलिभिजन स्टेशन शुरू भयो। भनिन्छ सेप्टेम्बर १९२८ मा जोन बेयर्डले पहिलोपटक मोडर्न टेलिभिजन सर्वसाधारणको अगाडि प्रदर्शित गरेका थिए। बेयर्डले नै मैकेनिकल टेलिभिजनको आविष्कार गरेका थिए। आजको स्मार्ट जमानामा पनि टेलिभिजनको स्थान कुनै नयाँ उपकरणले लिन सक्दैन।

# तनाव कम गर्ने फल

प्रतिस्पर्धात्मक जमानामा तनावको प्रभावबारे कुराकानी गर्नुपर्छ। तनाव यस्तो समस्या हो जसले संसारका अधिकांश व्यक्तिलाई चिन्तित बनाएको छ। एउटा अनुसन्धान अनुसार चिन्ता मानवको लागि निकै घातक हुन्छ। यो चिन्ताले गम्भीर रोगहरूलाई जन्म दिन्छ। मानसिक तनावका धेरै कारण हुन सक्छन्।



स्वास्थ्य विज्ञ अनुसार मानसिक तनावको सही समयमा उपचार गरिएन भने यसले गम्भीर खतरा उत्पन्न गर्छ। लामो समयसम्म तनावले मानसिक र शारीरिक स्वास्थ्यलाई प्रभावित गर्छ। तनावले रक्तचाप, हृदय गति, श्वसन, चयापचय र मांसपेशीमा रक्तको प्रभावलाई बढाउँछ। मानसिक तनावलाई टाढा गर्ने केही फलबारे विज्ञहरूले बताएका छन्।

**अम्बाः** भिटामिन सीले भरिपूर्ण फलको सेवनले मानसिक तनाव कम गर्छ। अम्बामा भिटामिन सी पाइन्छ। जाडोको समयमा अम्बा सेवन गर्दा थुप्रै रोगसँग लड्ने ताकत पाइन्छ र तनाव कम हुन्छ।

**अङ्गूरः** अङ्गूरमा पानी, सोडियम, पोटाशियम र लौह तत्त्व पाइन्छ, जुन मानसिक तनाव टाढा गर्ने एउटा राम्रो विकल्प हो।

**ब्लुबेरीः** एउटा शोध अनुसार ब्लुबेरीमा भिटामिन सी, ए, बी, ई हुन्छ, जसले तनाव भगाउने र शरीर मजबूत बनाउँछ। साथै यसको सेवनबाट स्मरणशक्ति पनि बढ्छ।

**किवीः** तनाव भगाउन किवी कुनै वरदानभन्दा कम छैन। यसमा आयरन र फोलिक एसिड निकै बढी हुन्छ। स्ट्रेस झेल्नको लागि यो फल निकै लाभदायक हुन्छ।

**सुन्तलाः** सुन्तलाले मानसिक तनाव भगाउँछ। यसमा भिटामिन सीको प्रचुरता हुन्छ। एउटा शोध हनुसार यो फल मानसिक तनावलाई सधैंको लागि हटाउँछ।

**केराः** केरामा भिटामिन, पोटाशियम र फास्फोरस हुन्छ। तनावको स्थितिमा केराको सेवन लाभदायक हुनछ। साथै तनावको स्थितिमा केराको बोक्राबाट बनाएको चिया पिउन स्वास्थ्य विज्ञहरू सल्लाह पनि दिने गर्छन्।

# बियर पिउँदा पथरी निस्किन्छ ?

पथरीको पीडा निकै असहनीय हुन्छ। ससाना पथरी बढी पानी र पेय पदार्थ सेवन गर्दा मूत्रसँगै निस्किन्छ तर ठूलो पथरी अपरेशनबाट मात्र निकाल्न सकिन्छ। पथरी निकाल्ने थुप्रै घरेलु उपाय छ। केही व्यक्ति बियर पिउँदा पनि पथरी निस्किन्छ भन्ने गर्छन्।



एउटा अनुसन्धान अनुसार बियर पिउने व्यक्तिमा पथरी हुने सम्भावना ४१ प्रतिशतसम्म कम हुन्छ। किनभने बियर सेवनपछि बढी पिसाब लाग्छ। जसले गर्दा शरीरमा रहेको विषाक्त पदार्थ बाहिर निस्किन्छ। विज्ञका अनुसार पटक–पटक पिसाब गर्नुपर्दा मिर्गौलामा दबाब पर्छ जसले गर्दा पथरी बाहिर निस्किन्छ तर पिसाबबाट ससाना पथरी मात्र बाहिर निस्किन्छ।

त्यस्तै केही अध्ययनले बढी बियर सेवन गर्दा शरीरमा पानीको कमी हुन्छ। बियरमा ओक्सलेट हुन्छ जसले गर्दा शरीरमा पथरी बन्ने खतरा पनि रहन्छ। निष्कर्ष अनुसार बढी मात्रामा बियर सेवन गर्नुहुँदैन। सही मात्रामा बियर सेवन अथवा सबैभन्दा राम्रो उपाय बढी पानी सेवन गरेर पनि ससाना पथरीलाई बाहिर निकाल्न सकिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा एक दिनमा १० हजार ४८८ नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ५ मङ्सिर/एएनआई

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप १० हजार ४८८ जना सङ्क्रमित भएका छन्। भारतमा अहिले कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या एक लाख २२ हजार ७१४ रहेको छ। यो सङ्ख्या कुल सङ्क्रमित भएकामध्येको ०.३६ प्रतिशत मात्रै भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आइतवार जनाएको छ।



सक्रिय सङ्क्रमितको यो सङ्ख्या सन् २०२० को मार्च अर्थात् ५३२ पछिका सबैभन्दा कम भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन्। मन्त्रालयले आइतवार दिएको जानकारी अनुसार कोरोना शुरू भएदेखि हालसम्म तीन करोड ४५ लाख १० हजार ४१३ जना कोरोना सङ्क्रमित भएका छन्।

हिजो शनिवार कोरोना सङ्क्रमणका कारण ३१३ जनाको मृत्यु भएको छ र यससँगै भारतमा कोरोनाको कारण मृत्यु भएका व्यक्तिको सङ्ख्या चार लाख ६५ हजार ६६२ पुगेको समाचारमा जनाइएको छ।

पछिल्लो २४ घण्टामा भारतमा १२ हजार ३२९ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यसरी एकै समयमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्या धेरै भएकाले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या कम हुँदै गएको हो। भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्या तीन करोड ३९ लाख २२ हजार ३७ रहेको मन्त्रालयले जनाएको छ।

गत जनवरी १६ देखि भारतमा कोरोनाविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि अहिलेसम्म भारतमा एक अर्ब १६ करोड ५० लाख ५५ हजार २१० डोज खोप लगाइएको छ। भारतमा हालसम्म ६३ करोड १६ लाख ४९ लाख ३७८ जनाको परीक्षण भएको पनि मन्त्रालयले जानकारी दिएको छ।

### बङ्गलादेशमा डेढ वर्षपछि पहिलोपटक शनिवार कोरोनाबाट मृत्यु भएन

ढाका/सिन्हवा

बङ्गलादेशमा गएको करीब डेढ वर्षपछि पहिलोपटक कोरोनाबाट कुनै पनि नागरिकको मृत्यु नभएको बताइएको छ। प्राप्त समाचार अनुसार यहाँ शनिवार कोरोना भाइरसको कारण कसैको मृत्यु भएन। यहाँका स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले सो कुराको जानकारी दिएका हुन्। यहाँका अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँ सन् २०२० को अप्रिल ३ पछि पहिलोपटक शनिवार मात्र कोरोनाबाट मृत्यु नभएको हो।

यहाँ सन् २०२० को मार्च १८ मा कोभिडका कारण पहिलोपटक तीन जनाको मृत्यु भएको थियो। त्यसयता यहाँ कोभिडबाट मृत्यु नभएको दिन थिएन। गत अप्रिल ३ मा पनि यहाँ एकजनाको ज्यान गएको थियो। त्यस यता हरेक दिन नागरिकको मृत्यु भएको छ। तर पछिल्ला केही समयमा भने यहाँ कोरोनाको असर केही घटेको पाइएको छ।

अधिकारीहरूले यहाँ ठूलो सङ्ख्याका नागरिकलाई खोप लगाइएको र बङ्गलादेशको सरकारले अँगालेको स्वास्थ्य मापदण्डका कारण यहाँ कोरोनाको प्रभाव घट्दै गएको हो। यहाँ पछिल्ला केही महीनामा यो भाइरसको सङ्क्रमण दर र मृत्यु दर पनि घटेको पाइएको छ। यहाँ शनिवारभन्दा अघिल्लो दिनसम्म पनि कोरोनाबाट मृत्यु त भएको छ, तर निकै थोरै सङ्ख्यामा र कुनै दिन एकजना मात्रको पनि कोभिडबाट निधन हुने गरेको छ।

### म्यान्मालाई चीनद्वारा कोरोनाविरुद्ध खोप सहयोग

याङ्गुन/सिन्हवा

म्यान्मालाई चीन सरकारले कोरोनाविरुद्ध खोप सहयोग गरेको छ। पछिल्लोपटक यहाँ १० लाख मात्रा खोप पठाएको बताइएको छ। म्यान्माको सूचना मन्त्रालयले सो कुराको सूचना दिएको छ। चीन सरकारले अनुदानमा दिएको सो खोप शनिवार म्यान्माको यांगुन पुगेको सो मन्त्रालयले जानकारी दिएको छ। यहाँ पछिल्लोपटक कोरोनाको प्रभाव पहिलेभन्दा केही बढेको देखिएको अधिकारीहरूले जनाएका छन्।

म्यान्मा सरकारले एक करोडभन्दा बढीलाई कोरोनाविरुद्ध खोपको पूर्ण मात्रा दिएको छ। सूचना मन्त्रालयले शनिवार प्रकाशन गरेको विज्ञप्तिमा १ करोड ३ लाख नागरिकलाई यो खोप दिइसकिएको छ।

यहाँ शनिवार ६२५ जनामा कोरोना सङ्क्रमण भएको छ। यो समेत पाँच लाख १७ हजार ३९५ जनामा सङ्क्रमण देखिएको छ। गएको २४ घण्टामा २४ जनाको निधन भएको छ। यो भाइरसबाट अहिलेसम्म १९ हजारभन्दा बढीको ज्यान गएको छ। रासस

## हुथी विद्रोहीहरूले साउदी अरेबियामा हमला गरेको दाबी

साना, ५ मङ्सिर/सिन्हवा

यमनका हुथी विद्रोहीहरूले अहिलेको यमनको साउदी अरेबिया नेतृत्वको सत्ता गठबन्धनविरुद्ध कारबाई गरेको जनाएको छ। हुथी विद्रोहीहरूले साउदी अरेबियामा हमला गरेको बताए। यहाँको सरकारकाविरुद्ध शनिवार व्यापक आक्रमण गरेको उनीहरूको दाबी छ।


तस्वीर: एजेन्सी

विद्रोहीहरूले दिएको जानकारी अनुसार उनीहरूले साउदी अरेबियाका विभिन्न विमानस्थलमा पनि ड्रोनबाट बम हमला गरेका छन्।

उनीहरूले ड्रोनबाट आक्रमण गरेको र यसरी गरिएका आक्रमणहरूमा विभिन्न क्षेत्रका विमानस्थलहरू पनि रहेको बताएका छन्। हुथीहरूले यहाँका राजाको रियादस्थित दरबारलाई पनि लक्ष्य गरेर हमला गरेको जनाएका थिए। उनीहरूले साउदी अरेबिया नेतृत्वको सरकारको विरोध गर्दै आएकाले यहाँका राजाविरुद्ध पनि हमला गर्ने जनाएका छन्।

शनिवारको हमला पनि यसैका विरुद्ध भएको उनीहरूले बताएका छन्। उनीहरूले विगत लामो समयदेखि साउदी नेतृत्वको गठबन्धन सेनाले यमन छोड्नुपर्ने बताउँदै आएका छन्।

शनिवार भएको हमलामा के कति क्षति भयो त्यसबारे केही बताइएको छैन। इरानको सहयोगमा रहेका यी हुथी विद्रोहीहरूले गरेको सो हमलाको साउदी अरेबियाको सरकारले भने पुष्टि गरेको छैन। तर हुथीहरूको टेलिभिजन अल मारिसाहले भने सो आक्रमण गरिएको बताएको छ। रासस

## सम्झौतापछि सरकारको नेतृत्वमा फिर्ता हुने

खार्तुम, ५ मङ्सिर/एएफपी

सुडानमा गत महीना भएको सैन्य विद्रोहपछि पक्राउ परेका नागरिक नेतृत्वलाई रिहा गर्ने जनरल अब्देल फताह अल-बुर्हान र प्रधानमन्त्री अब्दुल्ला हमडोकबीच सम्झौता भएको छ। यस सम्झौतापछि सुडानका प्रधानमन्त्री हामडोक सरकारको नेतृत्वमा फिर्ता हुन लागेको मध्यस्थकर्ताहरूले आइतवार जनाएका छन्।

जनरल बुर्हान प्रधानमन्त्री हामडोक, राजनीतिक शक्तिहरू र नागरिक समाज सङ्गठनहरूबीच हमडोकलाई आफ्नो पदमा फर्काउने र राजनीतिक बन्दीहरूको रिहाइका लागि राजनीतिक सहमति भएको वरिष्ठ सुडानी मध्यस्थकर्ता फदलाल्लाह बर्माले एएफपीलाई बताएका छन्।

सुडानी मध्यस्थकर्ताहरूको समूहले सम्झौताको पुष्टि गर्दै विज्ञप्ति जारी गरेको समाचारमा जनाइएको छ। रासस

## विभिन्न स्थानमा नेकाको वडा अधिवेशन

प्रस, बिरुवागुठी, ५ मङ्सिर/

पर्सागढी नगरपालिका-३ मा नेपाली काङ्ग्रेसको वडा अधिवेशन सम्पन्न भएको छ। आइतवार सम्पन्न वडा अधिवेशनले बलिराम शुक्लको सभापतित्वमा वडा बुथ एकाइ समिति गठन गरेको छ।


तस्वीर: प्रतीक

शुक्लको अध्यक्षतामा २७ सदस्यीय बुथ समिति सर्वसम्मत चयन भएको निर्वाचन अधिकृत वीरेन्द्र यादवले बताए। बुथ समितिको उपसभापतिद्वय छविलाल तामाङ र प्रह्लाद साह, सचिवद्वय चीनबहादुर पाख्रिन र ज्ञानेन्द्रबहादुर कार्की तथा सहसचिवद्वय रामअयोध्या यादव र बृजमोहन चौधरीलगायत २७ सदस्यीय बुथ समिति सर्वसम्मत चयन भएको हो।

यसैगरी, वडा अधिवेशनले क्षेत्रीय प्रतिनिधिहरूको चयन पनि सर्वसम्मतरूपले गरेको निर्वाचन अधिकृत यादवले बताए।

*प्रस, पंचगावाँ/*

यसैगरी, नेपाली काङ्ग्रेसको छिपहरमाई गाउँपालिका-१ मा विवादको कारण अधिवेशन हुन सकेन भने वडा नं २ देखि ५ सम्म क्रमशः इसराइल मियाँ, कृष्णकुमार राजपूत, परमेश्वर महतो केवल, उद्देश्यप्रसाद पटेल बुथ सभापतिमा सर्वसम्मत निर्वाचित भएका छन्।

पोखरिया नगरपालिका-३ वसन्तपुर बुथ सभापतिमा विक्रमाप्रसाद कलवार निर्वाचित भएका छन्।

त्यस्तै, जगरनाथपुर गापाको वडा नं १ देखि ५ सम्म क्रमशः दिनेशबहादुर क्षत्री, महम्मद समीम गद्दी, बृजभूषणप्रसाद यादव, राजऋषिप्रसाद चौहान, सुनीलकुमार वाग्ले, लक्ष्मण राउत कुर्मी, जीराभवानी गापाको १ देखि ५ सम्म क्रमशः शेख ग्यासुद्दीन, सरोज चौरसिया, राजकपूर महतो थारू, सत्यदेव महतो थारू, जगदीश गडेरा, पकाहामैनपुर गापा-५ को बुथ सभापतिमा बलिराम चौरसिया निर्वाचित भएका छन्।

ठोरी गापाको १ देखि ५ सम्म क्रमशः तिलकबहादुर रिमाल, देवीप्रसाद पराजुली, रुद्र खड्का, मिलन श्रेष्ठ र विमल खड्का बुथ सभापतिमा सर्वसम्मत चयन भएका छन्।

कालिकामाई गापाको १ देखि ५ सम्म क्रमशः निजामुद्दीन मियाँ तेली, लखनलाल राउत बरई, रामाशिषप्रसाद चौरसिया, सिकन्दर देवान र अमेरिका ठाकुर लोहार सर्वसम्मत बुथ सभापति भएका छन्।

धोबिनी गापा १ देखि ५ सम्म क्रमशः गणेशप्रसाद रौनियार, रामाशिषप्रसाद पटेल, वासुदेव तिवारी, इसराइल मियाँ र गयाप्रसाद यादव सर्वसम्मत बुथ सभापति निर्वाचित भएका छन्।

## गौसंरक्षण समाज नेपाल जीतपुरको स्थापना

प्रस, जीतपुर, ५ मङ्सिर/

सनातन धर्म शिक्षा उत्थान तथा गौसंरक्षण समाज नेपाल संस्थाले आइतवार जीतपुरमा अन्तर्क्रिया गरेको छ।



तस्वीर: प्रतीक

अन्तर्क्रियामा संस्थाका संस्थापक अध्यक्ष महम्मद कलामले यो संस्था मुनाफारहित जनहितकारी रहेको बताए। उनले यस क्षेत्रका दलित, पिछडावर्ग, वृद्धवृद्धा, असहाय, दीनदुःखीहरूको संरक्षणमा संस्था समर्पित रहने बताए। सामाजिक जनचेतनामा अभिवृद्धि गर्ने संस्थाको मुख्य उद्देश्य रहेको उनले बताए।

अन्तर्क्रियामा प्रमुख अतिथि चिरञ्जीवीभक्त पौडेल, प्रमुख प्रशासकीय अधिकृत चेतकुमार पोखरेल, दुर्गा रिजाल, ज्ञानी पासवान, आशा दाहाल, आरती गुप्ता, हरि सहनी, सुगन्धी पासवान, डिल्लीराम शर्मालगायत सहभागी थिए।

## दुर्घटनामा चालकको मृत्यु

राजविराज, ५ मङ्सिर/रासस

सप्तरीको बोदेबरसाइन नगरपालिका-७ हैठीमा गए राति मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मोटरसाइकल चालक सप्तरीको खडक नगरपालिका-११ बनौलीका २३ वर्षीय मोहम्मद शहजाद आलम रहेको प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए।

दुर्घटनामा गम्भीर घाइते भएका आलमको उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भर्ना गरे पनि उपचारका क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ। स ६प ५०६० नंको मोटरसाइकल आफैं अनियन्त्रित भएर दुर्घटनामा परेको थियो।


**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MD2A13EX9MCL80690, इन्जिन नं DKXCML62109 भएको २-०३-०१८प ८२०१ (लु ७३ प ४३०६) नम्बरको बजाज कम्पनीको २२० सिसी (२०२१) को कालो-रातो रङ्गको पल्सर मोटरसाइकल २०७८/०८/०२ गते राति ९:३० बजे वीरगंज महानगर-१३ त्रिमूर्तिचोक क्षीरसागर स्वीट्सनजीकैबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो.नं. नम्बर ९८५५०१०८१०/ ९८०२९७८२९२ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**हुलास इन्भेस्टमेन्ट प्रा.लि.**
**(ऋणीः प्रिन्स प्लास्टिक इन्डस्ट्रिज)**
**वीरगंज**



**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३


**आजको राशिफल**

| | |
|---|---|
| मेष – विजय | वृष – धनखति |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यभय | वृश्चिक – रोगभय |
| धनु – यात्रालाभ | मकर – कडाश्रम |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


**जग्गा खाली गरिदिनेसमेतबारे जिल्ला पर्सा, वीमनपा वडा नं २ स्थित धनलक्ष्मी दाल मिल प्रालि र ऐ.का सञ्चालक स्व धनराज लुनावतका छोरा तेजकरण लुनावत (जैन)को नाउँमा जारी**

**७ दिने अत्यन्त जरुरी सूचना**

म अरुणकुमार अग्रवालको एकासगोलका पिता स्व सत्यनारायण अग्रवालको नाउँमा दर्ता रहेको जिल्ला पर्सा, वीमनपा वडा नं २ स्थित कि.नं. ४४ को ३९३.५९ व.मि. र कि.नं. ४५ को ३९३.५९ व.मि. जग्गा (कर्कटको छाना भएको पुरानो सेड एकसहित) मिति २०७२/०१/२७ मा तपाईं धनलक्ष्मी दाल मिल प्रा.लि.का सञ्चालक स्व धनराज लुनावत जैनका छोरा तेजकरण जैनसँग भएको सम्झौताबमोजिम ६ वर्षको लागि धनलक्ष्मी दाल मिल प्रालिलाई गोदाम प्रयोजनका निम्ति बहालमा दिएकोमा सम्झौताविपरीत गरिएको निर्माण कार्य हटाई बहाल बुझाउन र आफ्नै व्यवसाय सञ्चालन गर्न आवश्यक परेको कारण जग्गा खाली गरिदिनसमेत विगतमा पटक-पटक मौखिक र लिखित सूचना गर्दा पनि सरासर अटेर गरी ६ वर्षको बहाल सम्झौता अवधि समाप्त भइसक्दा पनि हालसम्म पनि अनधिकृत निर्माण गरिएको अस्थायी संरचना नहटाएको, बक्यौता बहाल र शुरूदेखि हालसम्मको बहाल करसमेत नबुझाएको र विद्युत् महसूल बुझाएको कुनै प्रमाणसमेत नदिनुभएकोले बाध्य भई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हालसम्मको बाँकी बहाल रकम र शुरूदेखि हालसम्मको कानून बमोजिम हुने सम्पूर्ण बहाल करसमेत बुझाई अनधिकृतरूपमा निर्माण गरेका संरचना हटाई जग्गा खाली गरिदिनसमेत सूचित गर्दै सो समयावधिभित्र पनि माथि लेखिएबमोजिम नगरेमा आवश्यक कानूनी कारबाई गरिने बेहोरा यसै सूचनामार्फत् जानकारी गराइएको छ।

**सूचकः**
**अरुणकुमार अग्रवाल**
**वीरगंज महानगरपालिका वडा नं. १०, पर्सा**

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# वीरगंजमा पनि भाटभटेनी सुपर मार्केट बन्दै

राधेश्याम पटेल, वीरगंज, ५ मङ्सिर/

एकै थलोमा नूनदेखि सुनसम्म बेच्ने नेपालकै सबैभन्दा ठूलो डिपार्टमेन्टल स्टोरको रूपमा चिनिने भाटभटेनी सुपर मार्केटको शाखा वीरगंजमा पनि विस्तार हुँदैछ।

भाटभटेनीको १९औं शाखाको रूपमा ढिलै भएपनि वीरगंजमा निर्माण कार्य शुरू भएको छ। करीब डेढ अर्ब रुपैयाँको लगानीमा सुविधासम्पन्न भाटभटेनीको शाखा सञ्चालनमा ल्याउने लक्ष्यका साथ निर्माण कार्य भइरहेको छ। पछिल्लो तीन महीनादेखि वीरगंज-१४ बहुअरीस्थित सिप्रदी ट्रेडिङको दक्षिणपट्टि टाँसिएकै जग्गा किनेर निर्माण कार्य भइरहेको छ। अहिले चारैतिरबाट कर्कटपाताले घेरेर जग तथा अन्य भौतिक संरचनाको निर्माण कार्य शुरू भएको प्राविधिकहरूले बताएका छन्।


वीरगंज-१४ बहुअरीस्थित भाटभटेनी निर्माण हुने स्थल। तस्वीरः प्रतीक

भाटभटेनीको लागि एक बिघा जग्गामा निर्माण कार्य शुरू गरिएको छ। गण्डक, बहुअरीको मुख्य सडकखण्डको पूर्वपट्टिको उक्त जग्गा खरीदमा रु ९० करोडभन्दा बढी खर्च भएको एकजना जग्गाधनीले बताए।

डिपार्टमेन्टल स्टोरमा खाद्य सामग्री, लत्ताकपडा, दैनिक उपभोग्य सामान, कस्मेटिक सामान, सवारीसाधन, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामान बिक्री हुने बताइएको छ।

समाज आधुनिकतातर्फ गइरहेकोले एकै थलोमा सबै सामान बिक्री गर्ने हिसाबले भाटभटेनी सुपर मार्केटले काठमाडौंका विभिन्न स्थान, चितवन, हेटौंडा, धरान, इटहरी, विराटनगर, भैरहवा, बुटवललगायत ठाउँमा शाखा सञ्चालन गरिसकेको छ।

# खेलकूदको संसार

## रनफर प्रोटिन हाफ म्याराथन हुने

काठमाडौं, ५ मङ्सिर/रासस

नेपाल भेटेरिनरी एशोसिएशनको आयोजनामा काठमाडौंमा 'रनफर प्रोटिन' हाफ म्याराथन हुने भएको छ। एशोसिएसनद्वारा आइतवार आयोजित पत्रकार सम्मलेनमा उक्त प्रतियोगिता आगामी पुस ३ गते हुने जानकारी दिइयो।

प्रतियोगितामा हाफ म्याराथनसहित पुरुष १० किमी, महिला पाँच किमी, १२ कक्षासम्मका विद्यार्थी अन्तर्गत पुरुषतर्फ पाँच किमी तथा महिलातर्फ तीन किमी दौड हुनेछ। साथै फरक क्षमता भएका व्यक्तिका लागि ह्वीलचेयर दौड पनि समावेश गरिएको आयोजकका अध्यक्ष डा शीतलकाजी श्रेष्ठले जानकरी दिए।

प्रोटिनमाथिको अधिकारको मर्मलाई आत्मसात् गर्दै प्रोटिनजन्य पदार्थमा पहुँच बढाउन तथा जनचेतना फैलाउने उद्देश्यले म्याराथन आयोजना गर्न लागिएको आयोजकले जनाएको छ। महिला तथा पुरुषतर्फको हाफ म्याराथन विजेताले समान रु एक लाख तथा दोस्रो हुने खेलाडीले रु ७५ हजार प्राप्त गर्नेछन्। त्यस्तै, तेस्रो हुने खेलाडीले रु ५० हजार पाउनेछन्। चौथो र पाँचौं हुनेले क्रमशः रु ४० हजार र रु ३० हजार प्राप्त गर्नेछन्।

दश किमीतर्फ शीर्षदेखि पाँचौं स्थानसम्म हात पार्ने खेलाडीले क्रमशः रु ५० हजार, रु ४० हजार, रु ३० हजार, रु २० हजार र रु १० हजार पाउनेछन्। पाँच किमी तथा ह्वीलचेयरतर्फका शीर्षदेखि पाँचौं स्थानसम्म विजेता हुने खेलाडीले क्रमश रु ३० हजार, रु २० हजार, रु १५ हजार, रु १० हजार र रु पाँच हजार पाउनेछन्।

त्यसैगरी, तीन किमीतर्फका शीर्ष पाँचसम्म विजयी हुने खेलाडीले क्रमशः रु २० हजार, रु १५ हजार, रु १० हजार, रु पाँच हजार र रु दुई हजार ५०० प्राप्त गर्नेछन्। उक्त प्रतियोगिताका लागि दर्ता शुल्क रु दुई सय तोकिएको छ।

# कुमारी बैंकअगाडि इन्जिनीयरहरूको धर्ना

प्रस, वीरगंज, ५ मङ्सिर/

इन्जिनीयर राजेशकुमार चौरसियालाई थुनाबाहिर राखेर



तस्वीरः प्रतीक

अनुसन्धान गर्नुपर्ने माग राख्दै आन्दोलित इन्जिनीयरिङ एशोसिएशनले आइतवार वीरगंजमा कुमारी बैंकअगाडि धर्ना दिनुका साथै प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएको छ।

भूमाफियाहरूले नक्कली लालपुर्जा, ब्लुप्रिन्ट नक्शा र वडा कार्यालयबाट नक्कली चौहदी प्रमाणित गराइ रु १९ करोड ऋण लिएको घटनामा छानबीन गर्ने क्रममा केन्द्रीय अनुसन्धान ब्यूरो काठमाडौंले इन्जिनीयर चौरसियालाई नियन्त्रणमा लिएकोले यथाशीघ्र रिहाइको माग गर्दै आइतवार कुमारी बैंक, वीरगंजअगाडि दुई घण्टा धर्ना दिएको थियो।

नेपाल भ्यालुएटर्स एशोसिएशन, वीरगंजका अध्यक्ष मुन्ना सर्राफले अनुसन्धानको क्रममा चौरसियालाई थुनामा राखेर कारबाई गर्नुपर्ने आवश्यकता नभएको भन्दै उनलाई थुनाबाहिर राखेर अनुसन्धान गर्नुपर्ने आफूहरूको माग रहेको बताए। उनले गत कात्तिक २४ गतेदेखि नेपाल भ्यालुएटर्स एशोसिएशनले देशभरिकै बैंकहरूको मूल्याङ्कन बन्द गरी आन्दोलन जारी राखेको र इन्जिनीयर चौरसियालाई रिहा नगरेसम्म आन्दोलन जारी रहने बताए।

उनले घटनाको अनुसन्धान गरी कारबाईको दायरामा ल्याउनुपर्ने आफूहरूको पनि माग रहेको प्रस्ट्याए। गायक योगेश्वर आमात्यको बाराको विश्रामपुर गापाको विश्वम्भरपुरमा रहेको १२ बिघा जग्गाको नक्कली कागजात खडा गरी भूमाफियाहरूले कुमारी बैंकबाट रु ३८ करोडको मूल्याङ्कन गराइ रु १९ करोड कर्जा गत साउनमा लिएका थिए।

जग्गाधनीले यसबारे जानकारी पाएपछि गत कात्तिक २ गते सिआइबीमा उजूरी गरेपछि पर्सा र बारा प्रहरीको सहयोगमा कुमारी बैंक, वीरगंज शाखाका कनिष्ठ सहायक सोनु ठाकुर, भ्यालुएटर कम्पनीका इन्जिनीयर राजेश चौरसिया, डेनियल ट्रेडिङ कम्पनीको नामले रु १९ करोड ऋण लिने मुक्तिलाल गौतम, यशकुमार महर्जन गरी चारजनालाई सिआइबीको टोलीले हिरासतमा लिएर कारबाई प्रक्रिया अगाडि बढाएको छ।

# आरबी कम्प्लेक्स मङ्सिर अन्तिम सातादेखि सञ्चालन हुने

राधेश्याम पटेल, वीरगंज, ५ मङ्सिर/

खाद्यान्न व्यवसायमा नाम कमाएको वीरगंजको रूँगटा घरानाको अर्को सुविधा सम्पन्न मल निर्माण कार्य पूरा भएको छ।

वीरगंज-६ आदर्शचोकभन्दा पूर्व लोहारपट्टि रोडमा दुई वर्षदेखि निर्माण भइरहेको मलको काम अन्तिम चरणमा पुगेको छ। करीब डेढ कठ्ठा जग्गामा निर्मित सात तले मलको नाम आरबी कम्प्लेक्स राखिएको छ। करीब रु ६ करोडको लागतमा मल निर्माण भएको सञ्चालक सौरभ रूँगटाले बताए।

कोरोना महामारीमा वीरगंजको उद्योग व्यवसाय चौपट भइराख्दा व्यावसायिक मलमा लगाइएको लगानी नडुब्ने उद्देश्यका साथ मलमा लगानी गरिएको उनले बताए। मलमा ग्राउन्ड फ्लोर मिलाएर सात तल्ले स्ट्रक्चरमा डिजाइन गरिएको छ।

मलमा खानेपानी, शौचालय, पार्किङ, लिफ्टलगायत सुविधा रहेको छ। आगामी डिसेम्बर १३ का दिन उद्घाटन हुने मलको बूकिङ खुला गरिएको र अधिकांश तलाको फ्ल्याट बूक भइसकेको पनि बताइएको छ। एक तलामा करीब ३ हजार ३ सय वर्गफिट क्षेत्रफलमा फल्याट निर्माण भएको छ। प्रतिवर्गफिट रु ३०-४० को दरमा मासिक भाडामा बूकिङ भइरहेको बताइएको छ।

ग्राउन्ड फ्लोरमा पार्किङ, पहिलो तला खाली छ, दोस्रो तलामा मोडलर्स किचेनको शोरूम, तेस्रोमा जिम क्लब, चौथोमा बालबालिकाको लागि प्ले स्टेशन, पाँचौं तला खाली छ। त्यसैगरी, छैटौं तलामा वीरगंजकै तीनजना व्यवसायीको संयुक्त लगानीमा रेस्टुरेन्ट सञ्चालनमा ल्याउने लक्ष्य छ। यो मल वीरगंजमा पहिलो एलइडी स्क्रिन भएको मल भएकोले काठमाडौंजस्तै विज्ञापनको लागि मलको पश्चिमपट्टिको पर्खालमा १२० वर्गफिटको टिभी स्क्रिन पनि लगाइएको छ। जसमा २४ घण्टै व्यापारिक विज्ञापनको लागि सुविधा दिइएको छ। यसबाट वीरगंजका व्यावसायिक घरानाले आआफ्नो उत्पादनको विज्ञापन दिन सक्नेछन्। यसअघि ६ महीना पहिले आदर्शनगरमैं करीब २० करोडको लगानीमा छ तले रूँगटा मल सञ्चालनमा आइसकेको छ।


वीरगंज-६ लोहारपट्टिमा निर्माणाधीन कम्प्लेक्स। तस्वीरः प्रतीक

# पर्सागढीमा प्रधानमन्त्री रोजगारी कार्यक्रम

प्रस, पर्सागढी, ५ मङ्सिर/

पर्सागढी नगरपालिकामा आइतवारदेखि प्रधानमन्त्री रोजगार कार्यक्रम शुरू भएको छ। उपप्रमुख अर्चना चौधरीले आज एक कार्यक्रमबीच कार्यक्रमको शुभारम्भ गरिन्।

वडा नं ४ को सबैयाबाट कार्यक्रमको शुभारम्भ गर्दै उपप्रमुख चौधरीले नगरपालिकाभित्र रहेका बेरोजगारहरूलाई रोजगार दिने बताइन्। उनले यो कार्यक्रम जुन वडामा सञ्चालन हुन्छ, सोही वडावासीलाई अवसर दिइने प्रतिबद्धता जाहेर गरिन्।

कार्यक्रममा वडाध्यक्ष समसुद्दीन देवान, नेका बुथ सभापति जङ्गबहादुर दास थारू, कार्यक्रमका प्रमुख चन्द्रकिशोर राय, अच्छेलाल यादव, भगेलु साह कानूलगायतको सहभागिता थियो।

## शिकारीबासका.............

खेतको एक छेउमा रूखको आड लगाएर अग्ला-अग्ला मचान बनाएका छन् र त्यसैमा रातभर जङ्गली जनावर धपाउन जाग्राम बस्छन्। मचानबाट खेतको सबै भाग देखिने भएकोले यो क्षेत्रमा तीसवटाभन्दा बढी मचान बनाएर किसानहरूले जङ्गली जनावरको निगरानी गर्दै आएका छन्।

वर्षमा दुई बाली धान मात्र लगाउने यस क्षेत्रका किसानहरूको रात यही काठको छाप्रोभित्र बित्ने गरेको छ। मचानमा लामखुट्टेको प्रकोपबाट जोगिन झुल हाल्न पनि नमिल्ने दुखाराम बताउँछन्। झुल हाल्दा भुसुक्क निदाइन्छ भनेर उनीहरू झुलको साटो प्लास्टिकको ठूलो बोराभित्र पसेर मचानमा सुत्छन्। बोराभित्र सुत्दा अनुहार खुला छोड्ने र त्यसो गर्दा मुखमा मात्र लामखुट्टेले टोक्ने भएकाले रातभर जाग्राम बस्न सकिने दुखारामले बताए।

**जनावरका कारण धानखेती मात्र**

सिंचाइको सुविधा र उर्वर माटो भएपनि शिकारीबासका किसानहरूले धानखेती मात्र गर्छन्। यहाँका किसानले अल्छी मानेर खेत बाँझो छाडेका होइनन्। यहाँको खेतमा धानका साथै मकै, तोरी, कोदोको राम्रो खेती हुन्छ तर जङ्गली जनावरको त्रासका कारण किसानले अन्य बालीको खेती गर्न सकेका छैनन्। अन्य बालीको खेती गर्नुपर्दा वर्षभरि मचानमा कुनुपर्ने हुन्छ। यसैले अगहनी धान भित्र्याएपछि यहाँको ८० बिघा जमीन चैतमा धान नरोपेसम्म बाँझो हुन्छ। धानखेतीमा सबैजनाको सहभागिता हुन्छ र सबैले समानुपातिकरूपमा जङ्गली जनावरको निगरानी गर्छन्। तर तोरी, मकै, गहुँ, कोदो खेती गर्दा जनावर कुर्न गाऱ्हो हुने उनीहरू बताउँछन्।

पाँच वर्षदेखि धानखेतीबाहेक अन्य खेती शिकारीबासका किसानले गर्न छाडेका छन्। २०७३ मङ्सिरमा रुघाइ चौधरीलाई मकैखेतीको निगरानी गर्ने क्रममा हात्तीले मचान भत्काएर मारेपछि कसैले पनि धानबाहेक अन्य खेती गरेका छैनन्। जङ्गली जनावरका कारण अन्य खेती नगरिएको यहाँका किसानहरू बताउँछन्।




**राष्ट्रिय जनगणना २०७८**
**मेरो गणना-मेरो सहभागीता**

राष्ट्रिय जनगणनामा परिवारमूलीको नाम लेखाउँदा अक्सर घरको व्यवहार गर्ने तथा परिवारमा आइपरेको निर्णय जसले गर्छन्, उहाँलाई लेखाऔं। महिलाले घरव्यवहार सञ्चालन गर्ने गरेको भए परिवारमूली महिला नै हुन्छन्।

**गणना गर्ने अवधिः कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म**

नेपाल सरकार
विज्ञापन बोर्ड